५. आगामी आ.व. ०८१।०८२ को नीति तथा कार्यक्रममा १६ औं आवधिक योजनाले लिएको दिर्घकालिन सोच र लक्ष्य, बागमती प्रदेशको आवधिक योजना, कागेश्वरी मनोहरा नगरपालिका आवधिक योजना र दिर्घकालिन सोच "सवल सक्षम सुशासन विकासमुखी स्थानिय सरकार" र आगामी ५ वर्षको नगरवासीहरुको जीवनस्तर सुधार भएको हुने भन्ने मुल लक्ष्य र नगरपालिकाले तर्जुमा गरेको मध्यकालिन खर्च संरचनाको आधारमा तय गरेका छौं ।

६. आदरणीय नगरसभा सदस्यज्यूहरु अब म आ.व. ०८०।८१ को लागि यस नगरपालिकाको नीति तथा कार्यक्रमको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. यस नगरपालिकाका चालु आर्थिक वर्षको २०८१ जेष्ठ १५ गते सम्म भएको नीति कार्यक्रम तथा बजेटको भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गर्दछु अव म क्षेत्रगत तर्फ भएको प्रगति बारे संक्षिप्त बिवरण पेस गर्न चाहान्छु ।

चालु आर्थिक वर्षमा कुल अनुमानित बजेट रु. २ अर्ब ५५ करोड ३४ लाख ९१ हजार अनुमान गरिएकोमा जेठ मसान्तसम्म आम्दानी तर्फ कुल आय रु. १ अर्ब १६ करोड ५१ लाख ७९ हजार २ सय १८ रुपैयाँ २ पैंसा प्राप्त भएको छ। खर्च तर्फ कुल अनुमानको ४५.९६ प्रतिशत, रु. १ अर्ब १७ करोड ३६ लाख ७९ हजार ४९ रुपैयाँ ७६ पैसा खर्च भएको छ।

अब म नगरपालिकाको बजेट तथा खर्चको चालु तथा पुँजिगत बित्तिय प्रगतिबारे सक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

**चालु तर्फ**

चालु आ.व. २०८०।८१ मा चालु खर्च तर्फ कुल ९६ करोड १७ लाख ७३ हजार ५ सय ३५ रुपैयाँ विनियोजन गरिएकोमा ५६ करोड ७७ लाख १३ हजार २ सय ९५ रुपैयाँ ९६ पैसा; ५९.०३ प्रतिशत प्रगति हाशिल भएको छ।

**पुँजिगत तर्फ**

चालु आ.व. २०८०/८१ मा पुँजिगत खर्च तर्फ रू १ अर्ब ५९ करोड १७ लाख १७ हजार ४ सय ६५ रुपैयाँ विनियोजन गरिएकोमा ६० करोड ५९ लाख ६५ हजार ७ सय ५३ रुपैयाँ ८० पैसा खर्च भएको छ। विकास योजनाहरूको संभौता भई कार्य सम्पन्न हुने क्रममा रहेकोले आर्थिक वर्षको अन्त सम्ममा पुँजिगत खर्चको प्रगति बृद्धि हुने देखिन्छ।

चालु आर्थिक वर्षमा आर्थिक मन्दीको प्रभाव, नेपाल सरकारको राजस्वमा परेको चापको कारण संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा वित्तीय समानीकरण अनुदानमा आएको संकुचनको कारण संघीय सरकारबाट प्राप्त हुने आयमा कमी आएको छ । आर्थिक गतिविधिमा आएको शिथिलताले गर्दा घर जग्गा रष्जिट्रेसन लगायत राजश्व बाँडफाँडबाट प्राप्त हुने आयमा निकै ठूलो कमी हुँदा राजश्व आम्दानीमा संकुचन आएको देखिन्छ।

आदरणीय नगर सभा सदस्यज्यूहरू,

अब म सामाजिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे विवरण पेश गर्ने अनुमति चाहन्छु ।

## १.१. सामाजिक विकास

### १.१.१. स्वास्थ्य

१. चालु आर्थिक वर्षमा मेयरसँग ज्येष्ठ नागरिक विशेषज्ञ सेवा कार्यक्रम/मेयर घरदैलो कार्यक्रम ९ वटै वडामा र नगर अस्पतालमा संचालन गरिएको छ । जसबाट करिब २१०० जना ज्येष्ठ नागरिकले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका छन् । जस मध्ये ४२५ जनलाई मनोपरामर्श सेवा दिईएको छ ।

२. उपमेयर प्रजनन् कार्यक्रम अन्तर्गत ९ वटै वडामा भिडियो एक्स-रे, पाठेघरको मुखको क्यान्सरको स्क्यानिङ्ग संचालन गरिएको छ । जसबाट करिब २५०० महिलाले सेवा प्राप्त गरेका छन् ।

३. कागेश्वरी मनोहरा नगरपालिका भित्र विद्यालयमा अध्ययनरत विद्यार्थीको शारिरिक तथा मानसिक स्वास्थ्य परिक्षण तथा प्रवर्द्धनका लागि विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिएको छ । जसबाट करिब ७४०० विद्यार्थीको स्वास्थ्य परिक्षण गरिएको छ ।

४. यस नगरपालिका द्वारा संचालित मुलपानी नगर अस्पतालमा पूर्वाधार निर्माण अत्याधुनिक आधुनिक ल्याबको स्थापना, विशेषज्ञ सेवा विस्तार (बालबालिका, स्त्रिरोग, हाडजोर्नी, छाला, मानशिक रोग आदि) गरिएको छ । साथै भिडियो एक्स-रे, फिजियोथेरापी, चौबिसै घण्टा फर्मेसी सेवा तथा अत्याधुनिक आक्समिक सेवा समेत संचालन गरिएको छ । साथै अस्पतालमा BEONC र CEONC सेवा सुचारु गर्नको लागि प्रदेश अस्पतालबाट स्थलगत अनुगमन गरी प्रकृयामा रहेको छ ।

५. यस नगरपालिकालाई पूर्ण खोप सुनिस्चितता तथा दिगोपना घोषणा, प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत प्रजनन् रुग्णता कार्यक्रम, पोषण कर्नरको स्थापना, राष्ट्रिय भिटामिन ए कार्यक्रमको अनुगमन तथा संचालनका साथै विभिन्न दिवसहरु मनाउने कार्यक्रम सम्पन्न गरियो ।

६. स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्रमा गुणस्तरिय स्वास्थ्य सेवा मापन गर्न MSS -Minimum Services Standard) कार्यक्रम सम्पन्न गरियो । साथै वडास्तरीय चिकित्सकिय स्वास्थ्य सेवा संचालन वडा स्तरिय गाउँघर क्लिनिक, RUSG तथा  PNC Home Viste सेवा, संस्थागत सुत्केरीलाई पोषण प्याकेज कार्यक्रम संचालन गरियो।

### १.१.२. शिक्षा

१. यस नगरपालिकाको आन्तरिक श्रोतबाट स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक अध्यावधिक गरी छपाई तथा वितरण गरिएको छ । जस अन्तर्गत १६ वटा सामुदायिक विद्यालय र ७१ वटा संस्थागत विद्यालयमा वितरण भई अध्यपन भईरहेको छ । यस नगरपालिकाको तेजबिनायक माध्यामिक

विद्यालयमा प्राविधिक शिक्षा (सूचना प्रविधि) संचालन भएको छ साथै गान्धि आदर्श मा.वि. मा विज्ञान प्रयोगशाला, श्री तेज बिनायक मा.वि., सिद्धि गणेश मा.वि. तथा आनन्द भैरब मा.वि. मा पुस्तकालय र आई.सि.टि. ल्याबको स्थापना गरिएको छ।

२. यस नगरपालिकाले कार्यगत अभ्यास सहितको तालिम संचालन गरेको छ। जस अन्तर्गत ५५ जनालाई कुक, १८ जनालाई प्लम्बर, १६ जनालाई बिल्डिङ इलेक्ट्रिसियन तथा ४० जनालाई कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङ सम्बन्धि तालिम दिएको छ। साथै बृत्ति मार्ग निर्देशन कार्यक्रम अन्तर्गत ९ वटा माध्यामिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत ७८६ जना विद्यार्थीहरुलाई मार्ग निर्देशन कार्यक्रम संचालन गरिएको छ।

३. सबै सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बाल विकास केन्द्रको क्षमता विकासको लागि रातो बंगला फाउन्डेसनसँगको साझेदारीमा नमुना कक्षाकोठा व्यवस्थापन र तालिम सञ्चालन गरिएको छ। यस नगरपालिकाको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धि क्षमता विकास कार्यक्रम, अतिरिक्त क्रियाकलाप अन्तर्गत विज्ञान प्रदर्शनी, गणित प्रदर्शनी, हाजिर जवाफ बादविवाद प्रतियोगिता तथा राष्ट्रपति रनिङ्गशिल प्रतियोगिता सम्पन्न गरिएको छ।

### १.१.३. महिला बालबालिका तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. यस नगरपालिकाले महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्ग भएको व्यक्तिहरुको संरक्षण सशक्तिकरण तथा क्षमता विकासको लागि तालिम, सिप विकास, परामर्शका कार्यक्रमहरु संचालन गरेको छ।

२. यस नगरपालिकाले ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा प्रभातफेरि, कानुनी सचेतना, सार्वजनिक स्थलको सरसफाई तथा नगरपालिका भित्रका ७४ जना लब्ध प्रतिष्ठित महिलालाई सम्मान गरेको छ। साथै लैङ्गिग हिंसा बिरुद्धको १६ दिने अभियान, मानव वेचबिखन विरुद्धको दिवस, बाल अधिकार दिवस, मानव सेवा आश्रम सँगको समन्वयमा सडकापेक्षित मानव उद्धार कार्य, बाल गृहको अनुगमन तथा नियमन गरेको छ।

### १.१.४. सामाजिक सुरक्षा तथा घटना दर्ता

१. नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका जेष्ठ नागरिकहरुलाई वर्षमा १ पटक चाडवाड खर्च वापत रु २,०००।०० का दरले दशैमा चाडवाड खर्च वापत ६८ वर्ष पूरा भएका जेष्ठ नागरिकहरुलाई रु २३,६६,०००।०० रुपैयाँ वितरण गरिएको छ।

२. यस नगरपालिकाले वडा नं. १ देखि ९ सम्मका सबै चोकमा पुगि कोही नछुट्नु कोही नदोहोरिउन भनि प्रत्येक वडाको विभिन्न ठाउँमा व्यक्तिगत घटना दर्ता शिविर संचालन गरेको छ।

### २.१ पूर्वाधार निर्माणः

पूर्वाधार निर्माण अन्तर्गत कुल उपभोक्ता समिति मार्फत गरिएका योजना ३०९ रहेकोमा जेष्ठ १५ गतेसम्म ११४ वटा योजना सम्पन्न भएको र बाँकी योजनाहरु चालु आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न

हुने क्रममा रहेको छ। चालु आर्थिक वर्षमा अघिल्ला आर्थिक वर्षहरुमा सम्पन्न हुन नसकेका ३१ वटा ठेक्कामध्ये १५ वटा ठेक्का समापन भएको छ। आर्थिक वर्ष ०८०।०८१ मा आव्हान भएका ८ वटा ठेक्काहरुमा ७ वटाको कार्य समापन भएको तथा अन्य ठेक्काहरु समेत सम्पन्न हुने अवस्थामा रहेका छन्। ठेक्का संचालनको क्रममा देखिएका विवाद निरुपण गरी कार्य संचालन गर्न ३/४ वर्ष देखि अवरोध रहेका ठेक्काहरुको समेत कार्य संचालन गरी समापन हुने अवस्थामा रहेका छन्। काम नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारवाहीको लागि प्रकृया अघि बढाईएको छ। ठेक्का मार्फत संचालन भएका निर्माण कार्यहरुको ८०.३० प्रतिशत भौतिक प्रगति देखिएको छ भने ५४.५० प्रतिशत वित्तीय प्रगति देखिएको छ। नगरपालिकाको रणनीतिक योजनाहरुलाई समयमानै सम्पन्न गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष २०८१।०८२ मा कार्यान्वयन हुने गरी जम्मा १४ वटा बोलपत्र आव्हान गरिएको छ। आर्थिक वर्ष २०८०।०८१ को वर्षान्तसम्म नगरपालिकाको भौतिक पूर्वाधार विकासका योजनाहरुको जम्मा भौतिक प्रगति ९३ प्रतिशत र वित्तीय प्रगति ७६ प्रतिशत हुने अनुमान गरिएको छ।

### २.१.१. सडक पूर्वाधार तर्फ

चालु आर्थिक वर्षमा संचालन भएका सडक निर्माण कार्यहरुबाट १५.२ कि.मि पक्की सडक (कालोपत्रे/ढलान गरी) निर्माण भएको र अघिल्ला आर्थिक वर्षमा निर्माण भएको २७.८ कि.मि. गरी हालसम्म कुल जम्मा ४३ कि.मि. पक्की सडक (कालोपत्रे/ढलान) निर्माण भएको छ। त्यसै गरी चालु आ.व. मा कुल १२.३ कि.मि सडक ग्रावेल र १.५ कि.मी. सडकको नयाँ ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ।

### २.१.२. खानेपानी तर्फ

१. काँडाघारी खानेपानी तथा सरसफाई आयोजना नगरपालिकाबाट बिभिन्न प्याकेजमा ठेक्का प्रक्रियाबाट योजना संचालनमा रहेको छ। साथै हाल आयोजनाबाट ९८ घरधुरीमा धारा जडान भई १०-१२ लि.प्र.से. खानेपानी आपूर्ति भई रहेको छ। भौतिक प्रगति ५५ प्रतिशत भएकोमा वित्तीय प्रगति ५०.९५ प्रतिशत रहेको छ। खानेपानी आयोजना निर्माणको गुणस्तर सुनिश्चितताको लागि पूर्णकालिन खानेपानी परामर्शदाता नियुक्ति गरिएको छ।

२. नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यस्थापन बिभाग, शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संघीय सरकार र यस नगरपालिकाको साझेदारीमा संचालन भएको डाँछी कागेश्वरी मनोहरा सहरी खानेपानी तथा सरसफाई आयोजनाको ५२.४२ प्रतिशत भौतिक प्रगति र ४८.४४ प्रतिशत वित्तीय प्रगति भएको छ।

३. संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौडा र यस कागेश्वरी मनोहरा नगरपालिकाको संयुक्त लगानीमा रु. १८.६९ करोड लागतमा निर्माण व्यवसायी कागेश्वरी मनोहरा नगरपालिका र गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति आयोजना कार्यन्वयनको चारपक्षिय योजना सम्झौता भई भैमाल गोठाटार खानेपानी आयोजनाको ओभर हेड ट्याङ्की ४५० घ.मि. को

जगको सम्पूर्ण कार्य सम्पन्न भई पिलर हाल्ने कार्य संचालनमा रहेको छ। साथै पानीको श्रोतको लागि २ वटा डिप बोरिङ खन्ने कार्य समेत सम्पन्न गरिएको छ।

४. गागल सातघट्टे खानेपानी तथा सरसफाई आयोजनामा १.१ कि.मि. पाइप लाइन जडान भएको छ भने अग्नी प्रकोप नियन्त्रण गरी अग्नी जन्य विपद् निरोधका लागि ४ वटा Fire Hydrant जडान गरिएको छ।

५. समग्र नगरपालिकाको विभिन्न स्थानमा स्वच्छ खानेपानी वितरण गर्ने प्रयोजनका लागि ३.१५ कि.मि. खानेपानी पाइप विस्तार गर्ने कार्य यसै आ.व. मा सम्पन्न भएको छ।

### २.१.३. भवन तथा बस्ती विकास तर्फ

१. चालु आर्थिक वर्षमा नगरपालिकाको श्रोतबाट साना ठूला गरी जम्मा १२ वटा भवन निर्माण गरिएको छ। साथै ९ वटा भवन मर्मतको कार्य सम्पन्न गरिएको छ।

२. नगरपालिकाको श्रोतबाट निर्माण सम्पन्न भएका भवनहरु मध्ये वडा नं. १ को कार्यालय भवन, मुलपानी नगर अस्पतालको फार्मेसी भवन, वडा नं. ३ स्थित आदर्श क्याम्पसको प्रशासनिक भवनको फिनिसिङ्ग कार्य, वडा नं. २ स्थित आलापोट स्वास्थ्य चौकी भवनको फ्रेम स्ट्रक्चर निर्माण सम्पन्न लगायत निर्माणाधिन प्रशासकीय भवनमा सभाहल निर्माण र इन्टेरियर डिजाइन तथा ल्याण्डस्केपिङ्ग कार्य गरिएको छ।

३. आ.व. ०८०।०८१ मा जम्मा ४९१ वटा नयाँ नक्शा स्वीकृत, ४०४ सुपर स्ट्रक्चर, ३६२ निर्माण सम्पन्न प्रमाणपत्र प्रदान, ३१३ नक्शा नामसारी, ३७ नविकरण तथा ६२८ वटा कैफियता निर्माण सम्पन्न प्रदान गरिएको छ।

४. भवन तथा वस्ती विकास शाखाबाट भवन निर्माणसँग सम्बन्धित सम्पूर्ण सेवा विद्युतीय प्रणालीबाट प्रवाह गर्न EBPS प्रणालीको प्रभावकारी प्रयोग गरिएको छ। साथै नक्शा स्वीकृत राजस्व शुल्क भुक्तानीलाई पारदर्शी र सेवाग्राहीमुखी बनाउन Payment Gateway को प्रयोग समेत गरिएको छ।

### २.१.४. विविध पूर्वाधार निर्माण

१. यस नगरपालिकाले नागरिकको स्वच्छ वातावरणमा बाच्न पाउने हकको सुनिश्चितताको लागि फोहोर पानीको उचित व्यवस्थापन गर्न ११ कि.मि. भन्दा बढी ढल तथा नाला निर्माणको कार्य सम्पन्न गरिएको छ।

२. यस नगरपालिकाले पहिरोजन्य प्रकोपबाट हुने भौतिक तथा मानवीय क्षति न्यूनिकरणका लागि विभिन्न स्थानमा १४४८ घ.मि. को पहिरो नियन्त्रण सम्बन्धि कार्य सम्पन्न गरेको छ। साथै वडा नं. ८, ६ र १ मा रहेको पहिरो नियन्त्रणका लागि उपयुक्त प्रविधि छनौट गर्न परामर्श सेवा खरिद गरी प्राविधिक अध्ययन सम्पन्न गरेको छ।

३. यस नगरपालिकाद्वारा स्वच्छ वातावरण प्रवर्द्धन र खुला क्षेत्र व्यवस्थापन गर्न वडा नं. २ स्थित हरियाली पार्क निर्माण सम्पन्न गरिएको छ। साथै वडा नं. ३ स्थित पवित्रा पार्कको डि.पि.आर., वडा नं. ५ स्थित थली पार्कको डि.पि.आर., वडा नं. ८ र ९ को शान्ति पार्क र वडा नं. ८ को तेजविनायक बालापिठ पार्कको डि.पि.आर. तयार गरिएको छ।

४. यस नगरपालिकालाई खेलकुद नगरीको रुपमा विकास गर्ने लक्ष्य पुरा गर्न वडा नं. ६ स्थित पाटीटार चौर (मुलपानी चौर) को घेराबार निर्माण तथा मुलपानी क्रिकेट स्टेडियममा खेलाडी छात्राबास निर्माण कार्यसम्पन्न गरिएको छ। साथै नगरपालिकाको वडा नं. २ वा ३ मा रक्बी स्टेडियमको सम्भाव्यता अध्ययन प्रारम्भ तथा पाटीटार चौर (मुलपानी चौर) लाई राष्ट्रिय स्तरको फुटबल स्टेडियमको रुपमा विकास गर्न डि.पि.आर. तयार गर्न परामर्श सेवा खरिद गरिएको छ।

५. यस नगरपालिका क्षेत्रभित्र बस बिसौनीलाई थप व्यवस्थित बनाउन पुरात्तात्विक कला तथा संस्कृति झल्कने खालका फल्चाहरु निर्माण गर्न खुला स्थानको खोजि कार्य तथा फल्चाको ड्रइङ्ग/डिजाइन गर्ने कार्य प्रारम्भ गरिएको छ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

अब म आर्थिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे विवरण पेश गर्न अनुमति चाहन्छु।

## १.३. आर्थिक विकास

### १.३.१. कृषि तथा पशु

१. सानो ठाउँमा पनि तरकारी लगाएर खानेपानीको विकास साथै पोषणमा सहयोग पुऱ्याउने हेतुले हिउँदे तथा वर्षे तरकारी बिउ उन्नत हाइब्रिड कम्पोजिट किट निःशुल्क वितरण गरिएको छ। साथै ५० प्रतिशत अनुदानमा किसानहरूलाई प्राङ्गारिक मल वितरण गरिएको छ। ८० प्रतिशत अनुदानमा कृषि चुन वितरण गरिएको, विपद्बाट प्रभावित किसानहरूलाई राहत समेत वितरण गरिएको छ।

२. कृषि उत्पादनमा आत्म निर्भर भई आयत प्रतिस्थापनमा सहयोग पऱ्याउनको लागि गहुँको बिऊ, हिउँदे आलु बिऊमा ५० प्रतिशत अनुदान वितरण गरिएको छ। साथै उत्पादनमा बृद्धिमा टेवा पऱ्याउन मकैको बिऊमा अनुदान, अदुवामा ८० प्रतिशत अनुदान वितरण गरिएको छ।

३. यस नगरपालिकाले पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत ७१५९ गाई, १२० वटा भैंसी र ६६ वटा बाख्रा गरी कुल ७३४५ वटा पशुलाई कृतिम गर्भाधान सेवा उपलब्ध गराएको छ। साथै ९८६ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको छ। नगरपालिकाले रेविज, लम्पी, पि.पि.आर, खोरेत रोग बिरुद्धको खोप सेवा कार्यक्रम, प्रयोगशाला सेवा र मासु, डेरी तथा भेटनरी औषधी पसलहरुको अनुगमन गरिएको छ।

**१.३.२. सहकारी तथा उद्यमशिलता तर्फ**

१. सहकारी संस्थाहरुको आर्थिक कारोबारलाई व्यवस्थित गर्न Pearls सम्बन्धि तालिम, सहकारी एकीकरण सम्बन्धि अन्तक्रिया कार्यक्रम, ऋण असुली व्यवस्थापन सम्बन्धि अनुशिक्षण कार्यक्रम संचालन गरिएको छ। साथै सहकारी संस्थालाई ऐन, नियम, बिधि पद्धति अनुसार संचालन गर्न, सहकारी संस्थाहरुमा देखिएका समस्याहरुलाई निरुपण गर्न सहकारी संस्थाको अनुगमन कार्य सम्पन्न गरिएको छ।

**१.३.४. रोजगार प्रवर्द्धन कार्यक्रम**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकाले आ.व. ०८०।०८१ मा ४० जना बेरोजगारलाई १०० दिन बराबरको रोजगारी सृजना गरिएको छ। साथै वैदेशिक रोजगारीमा जाने १२० जनालाई श्रम स्वीकृतिमा सहजिकरण गरिएको छ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु**

अब म सुशासन तथा सूचना प्रविधि क्षेत्रतर्फको कार्यक्रममा भएको प्रगतिबारे विवरण पेश गर्ने अनुमति चाहन्छु।

**१.४.१ प्रशासनिक सुशासन तथा राजस्व**

१. नगरपालिकाद्वारा प्रदान गरिने सेवा प्रवाहलाई निस्पक्ष, पारदर्शी र जवाफदेही बनाउन प्रत्येक महिना ZOOM मार्फत सार्वजनिक सुनुवाई सम्पन्न गरिएको छ। साथै नगरपालिकाको सेवा प्रवाहलाई गुणस्तरिय बनाउन सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, O & M Survey, कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिएको छ।

२. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र दर्ता, नविकरण, ठाउँसारी र संघ संस्था दर्ता नवीकरणको कार्य नियमित सुचारु रहेको, मूलपानी नगर अस्पतालबाट प्रवाह हुने सेवालाई चुस्त बनाउनको लागि कर्मचारी व्यवस्थापन गरिएको छ।

३. नगरपालिकाको समग्र आर्थिक गतिविधिलाई पारदर्शी, प्रभावकारी, मितव्ययी बनाउन आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखा परिक्षणलाई चुस्त र दुरुस्त राख्दै नियमित आन्तरिक लेखा परिक्षण गरी कैफियतहरूलाई समयमै सुधार गरिएको छ। साथै नगरपालिकाबाट प्रवाह भएका सम्पूर्ण क्रियाकलापहरु नियमित रुपमा वेवसाईट तथा सामाजिक सञ्जालहरूबाट प्रकाशन गरिएको छ। महालेखा परीक्षकले औल्याएका बेरुजुहरू समयमै फछ्यौट गरिनुका साथै विभिन्न निकायबाट प्राप्त सुझाव एवम् गुनासोहरूलाई समयमै सम्बोधन समेत गरिएको छ।

४. यस नगरपालिकाले राजस्व व्यवस्थापन प्रणालिलाई थप प्रभावकारी बनाउनको लागि छुट्टै राजस्व शाखाको स्थापना गरी कर संकलन अभियान, २०८० संचालन गरिएको छ। जस अन्तर्गत वडा नं. ५ देखि ९ सम्म कर संकलन अभियान संचालन गरी दर्ता नभएका १८८४ व्यवसाय दर्ता गरेका छन्, ४८३ नविकरण गरी कुल रु. २ करोड ४६ लाख ४५ हजार ७ रुपैयाँ ३१ पैसा अभियानबाट राजस्व संकलन गरिएको छ।

### १.४.२. सूचना प्रविधि

१. यस नगरपालिकालाई सूचना प्रविधि मैत्री बनाउनको लागि अघिल्लो आ.व. मा भएका गतिविधिहरुलाई निरन्तर्ता दिँदै आएको छ। साथै आ.व. ०८०।०८१ मा GIS Based Drone Mapping कार्य, Socio Economic Profile को लागि Data Collection, Digital Marketing, Land Use Plan and House Numbering System को सुरुवात, Clock In Clock Out System को सुरुवात गरिएको छ।

२. यस नगरपालिकामा घर नक्शा पास प्रणालिलाई व्यवस्थित गर्न EBPS प्रणालिको संचालन, घर नक्शा पासमा संलग्न घरधनीहरुलाई प्रकृयागत SMS को व्यवस्था, EBPS प्रणालिमा बिगतका नक्शाहरु आवद्द गराउन Achieving कार्य सम्पन्न र हाल नक्शापासको लागि अनलाइन राजस्व व्यवस्थापन प्रणालिको सुरुवात गरिएको छ।

३. नगरबासीहरुले तिर्नुपर्ने करहरु Digital Gateway System जस्तै eSewa, Khalti, IMEpay आदिबाट भुक्तानी गर्न सकिने व्यवस्थाको निरन्तरता गरिएको, नगरपालिकाका कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थित राख्न Office Automation, Digital Sifarish निरन्तरता, अनलाईन सिफारिस सफ्टवेयर संचालन, आन्तरिक जिन्सी व्यवस्थापन (IMS) को संचालन, Disaster Alert System, मुलपानी नगर अस्पतालमा Hospital Management Information System।

४. उज्यालो नगर सुरक्षित नगर कार्यक्रम अन्तर्गत नगरपालिकाका विभिन्न वडाभित्र CCTV Camera तथा Street Light जडान गरिएको र थप व्यवस्थित बनाउन CCTV र Street Light को DPR तयार गरिएको छ।

### १.५. वातावरण, विपद् व्यवस्थापन र फोहोरमैला व्यवस्थापन

१. विपद् व्यवस्थापनलाई छिटो र प्रभावकारी व्यवस्थापन गर्न Rapid Response Program सञ्चालन गर्न रु. २० लाखको दरले प्रत्येक वडामा बजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ।

२. नगरपालिकाले विभिन्न प्रकोपबाट प्रभावित भएका मध्ये आगोलागिमा परेका ८ परिवार, वर्षातबाट घर क्षति भएका १ परिवार, पहिरोबाट प्रभावित ४ परिवार, हावाहुरीबाट प्रभावित ७ परिवारलाई आर्थिक सहायता प्रदान गरिएको छ।

३. यस नगरपालिकाले वातावरण संरक्षणका लागि घर निर्माण सम्पन्न गर्दा २ वटा बिरुवा अनिवार्य रुपमा रोप्नु पर्ने व्यवस्था लागु गरिएको छ। साथै नगरपालिकाले विभिन्न योजनाको IEE, BES तयारी, विभिन्न पार्कहरु निर्माण, वृक्षारोपणको कार्यक्रम, फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य योजना निर्माणको चरणमा रहेको छ।

### १.६. न्यायिक समिति

१. यस नगरपालिकाले मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि ४८ घण्टे आधारभूत आवासिय तालिमको संचालन गरेको छ।

२. आ.व. ०७९/८० बाट जिम्मेवारी सारि आएका उजुरी संख्या २३ रहेको, चाल आ.व. ०८०।०८१ मा दर्ता भएको मुद्दा संख्या ३९ हालसम्म तामेलीमा ५१ वटा रहेका छन् । जसमध्ये अदालतमा पठाइएका मिसिल संख्या ९ वटा छन् भने मिलापत्र भएका मुद्दा ५ वटा छन् । त्यस्तै फैसला भएका मुद्दा १ वटा छन् । हाल विचाराधिन मुद्दा २१ रहेका छन्।

**१.७. अन्तर्राष्ट्रिय समन्वय र अध्ययन तथा अनुसन्धान**

१. यस नगरपालिकाद्वारा निर्माण हुने योजना नीति, कार्यक्रम र बजेटलाई नतिजामुलक र तथ्यपरक बनाउन छुट्टै अध्ययन अनुसन्धान शाखाको स्थापना गरिएको छ । साथै नगरपालिकाको सम्पर्क तथा सम्बन्धलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्नको लागि अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा स्थापना गरिएको छ ।

२. यस नगरपालिकाका पदाधिकारीद्वारा विभिन्न देशका नगरपालिकाहरुको आमन्त्रणमा वैदेशिक भ्रमण गरिएको छ । जसबाट Embassy of Japan in Nepal / Volunteer Corps Nepal सँगको बैठकबाट नगरपालिकालाई दमकल उपलब्ध गराउने सहमति, The City of HARRISONVILLE, Missouri USA सँगको भागिनी सम्बन्धको लागि प्रस्ताव गरी छलफल अगाडी बढाईएको छ ।

३. यस नगरपालिकाको नगर प्रमुख, उप-प्रमुख सहित ६ जनाको चिन भ्रमणको क्रममा United Cities & Local Government (UCLG) को सदस्यता प्राप्त गरेको छ र SCWILG Committee मा South and South West Region मा Co-chair का लागि यस नगरपालिका मनोनित भएको छ साथै Waste Management Practice भित्र्याउन विषयमा सकारात्मक छलफल भएको छ ।

४. यस नगरपालिकाले World Organization को सदस्यताको क्रममा Sister Cities International (SCI), USA को सदस्यता प्रकृया अगाडी बढाईएको छ ।

५. यस नगरपालिकाको विद्यार्थी अध्ययन तथा अनुसन्धान कार्यक्रमका अन्तर्गत कृषि, स्वास्थ्य, वातावरण र साहित्य लगायतका विषयका विद्यार्थीहरुले field अध्ययन अनुसन्धान गरि रहेका छन् । साथै यस नगरपालिकाले विकास दर्पण चित्र पुस्तक तयारी, जनगणना २०७८ का तथ्यांक विश्लेषण तथा पुस्तक प्रकाशन गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

६. यस नगरपालिकाले नेपालमा रहेका विभिन्न Policy Institute, तिनका उद्देश्य, तिनका कार्यहरु र तिनिहरुले सरकारलाई दिइएका र दिने सुझावका सम्बन्धमा अध्ययन गर्न अध्ययन तथा अनुसन्धान कार्य भईरहेको छ ।

आदरणीय नगरसभा सदस्यज्यूहरु

अब म आगामी आ.व. ०८१।०८२ को नगरपालिकाले अवलम्बन गर्ने देहायका नीतिहरु पेश गर्ने अनुमति चाहन्छु।

**क. शिक्षा**

"हामी सबैको इच्छाः संस्कारयुक्त गुणस्तरीय शिक्षा"

१. नगरपालिकामा विद्यालय तहको शिक्षालाई पूर्वीय चिन्तन र मौलिक संस्कारयुक्त बनाउँदै स्थानीय तथा राष्ट्रिय पहिचान स्थापित गरिनेछ। समग्र विद्यालय शिक्षाको विकासका लागि नगर शिक्षा नीति र ५ बर्षे नगर शिक्षा योजना बनाई कार्यान्वयनमा ल्याइने छ। शिक्षामा पहुँच, समता, गुण र स्तर मापनका लागि सूचकहरु निर्धारण गरी, सान्दर्भिकता र उत्थानशिलतामा जोड दिँदै शिक्षाका लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरको शिक्षालाई निर्देशित गरिने छ। यसका लागि नयाँ नगर शिक्षा ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

२. विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी, राहत अनुदान कोटा वा नगर अनुदान कोटा निर्धारण गरी आवश्यक संख्यामा शिक्षक व्यवस्था गरिने छ। शिक्षकलाई तोकिएको साप्ताहिक कार्य घण्टा भन्दा बढि समय शिक्षण कार्यमा सरिक गराउँदा तोकिए बमोजिमको थप पारिश्रमिक व्यवस्था गरिने छ। प्रचलित कानूनमा तोकिए भन्दा बढि विद्यार्थी भएका कक्षाहरुको सेक्सन विभाजन गरी विद्यार्थीलाई सुविधायुक्त कक्षा कोठामा अध्ययन गर्न पाउने व्यवस्था मिलाइनेछ।

३. रातो बंगला फाउण्डेसनसँगको साझेदारीमा सञ्चालित प्रारम्भिक बाल कक्षा सुधार कार्यक्रमलाई आगामी बर्ष विस्तार गरी कक्षा ३ सम्म पुऱ्याईनेछ। यस अन्तर्गत कक्षा शिक्षण व्यवस्था, शिक्षक क्षमता विकास, कक्षा कोठामा भौतिक तथा शैक्षिक पूर्वाधार विकास, कक्षा कोठा व्यवस्थापन लगायतका विभिन्न क्रियाकलाप सहित बाल मैत्री शिक्षण सिकाइ व्यवस्था मिलाइनेछ।

४. शिक्षाको गुणस्तर सुधारका तथा विद्यार्थी सिकाइ उपलब्धि अभिबृद्धिका लागि शिक्षण सिकाई सुधार अभियानकै रुपमा सञ्चालन गरिनेछ। सबै बालबालिका सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसात गर्दै अवर्गीकृत ग्रेड उन्मूलन (NG) कार्यक्रम सञ्चालनमा ल्याइनेछ। विद्यार्थीहरुको न्यूनतम् सिकाई उपलब्धी हासिल भएको सुनिश्चित गराउन विषय शिक्षकलाई जिम्मेवार बनाइनेछ। विद्यार्थी सिकाइ उपलब्धी बढाउनका लागि शिक्षण सुधार योजना, विद्यार्थी उपलब्धी अभिबृद्धि योजना, रिमेडियल टिचिङ क्याम्प, न्यूनतम् प्राप्तांक घोषणा लगायतका आधुनिक र समय सापेक्ष रणनीतिहरु अवलम्बन गरिनेछ।

५. प्रधानाध्यापकहरुको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिबृद्धि गरी समग्र विद्यालय विकासमा जिम्मेवार बनाइनेछ।नगरपालिकाले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षकसँग नतिजा मूलक कार्य सम्पादन सम्झौता गरी शैक्षिक गुणस्तर सुधारमा जोड दिइनेछ।

६. प्रारम्भिक बाल कक्षा देखि कक्षा ३ सम्म पूर्णतया आन्तरिक मूल्यांकन प्रणाली अवलम्बन गरिनेछ। आन्तरिक एवम् निरन्तर मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक साधन विकास तथा प्रयोग गर्नुका साथै शिक्षकलाई अभिमुखीकरण गरिनेछ।

७. विद्यालय शिक्षाको गुणस्तर मापदण्ड तयार गरी विद्यालयको स्तरीकरण गरिनेछ। उत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा शिक्षकलाई पुरस्कृत गरिने छ।कक्षा ५, ८, १० र १२ को परीक्षामा कम्तीमा २० जनाविद्यार्थी सामेल गराई ३ वा सो भन्दा बढि औषत स्तरीकृत अंक (CGPA) ल्याउने विषय शिक्षकलाई नगरपालिकाको तर्फबाट सम्मान एवं पुरस्कार प्रदान गरिनेछ।

८. आर्थिक रुपले विपन्न, सिमान्तीकृत तथा लक्षित वर्गका विद्यार्थीको उच्च तथा प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न विशेष प्रोत्साहन, छात्रवृत्ति तथा विद्यार्थी वित्तीय सहायता प्रदान गरिनेछ। निजि विद्यालयले कानुन बमोजिम छात्रवृत्ति सम्बन्धि मापदण्ड पालना गरे नगरेको अनुगमन गरी छात्रवृत्ति वितरणमा एकरुपता कायम गर्दै छात्रवृत्तिको दायरालाई फराकिलो बनाउन र छत्रवृत्ति वितरणलाई थप पारदर्शी, प्रभावकारी एवंम् वैज्ञानिक बनाउन केन्द्रिकृत छात्रवृत्ति Portal स्थापना गरिनेछ।

९. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकलाई तालिम, अभिमुखीकरण, विषयगत नेटवर्क परिचालन, प्राविधिक सहायता, अध्ययन अवलोकन भ्रमण लगायतका शिक्षक पेसागत दक्षता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई थप सुदृढ गरी सबै शिक्षकहरुलाई पेसागत विकास केन्द्रित प्राविधिक सहायता प्रदान गरिनेछ।

१०. शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग बढाइनेछ। विद्यालयमा कम्प्युटर, इन्टरनेट लगायतका आइ.सि.टी. पूर्वाधारको व्यवस्था गनुका साथै शिक्षकसँगको साझेदारीमा सञ्चालित "एक शिक्षक एक ल्यापटप" कार्यक्रमलाई निरन्तरता दिइने छ।

११. बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता बृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।विद्यालय व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गरी विद्यालयको भौतिक, आर्थिक, शैक्षिक र व्यवस्थापकीय पक्षको सुधारमा परिचालन गरिनेछ।

१२. विद्यालयमा सुशासन कायम गर्न ई-हाजिरी, नियमित रिपोर्टिङ, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, अभिभावक भेला, विद्यालय निरीक्षणजस्ता उपायहरुको अवलम्बन गरिनेछ।

१३. पूर्वीय चिन्तनमा आधारित मौलिक संस्कृति, सभ्यता, संस्कारको प्रसार र अनुसरणकालागि विद्यालय संस्कारशाला कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१४. व्यक्तिको सर्वांगीण विकासका लागि खेलकुद, योग, कसरतलाई जीवनपद्धतिसँग गाँसेर अघि बढाइनेछ। नगर स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। विद्यालयमा रमाइलो शुक्रबार कार्यक्रम अन्तर्गत विभिन्न खेलकुद, कला, साहित्य लगायत विद्यार्थीको बहुप्रतिभा प्रस्फुटन गराउने कार्यक्रमहरु सञ्चालन गरिने छ।

१५. नगर, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विजेता खेलाडीहरुलाई सम्मानित तथा पुरस्कृत गर्ने नीति लिइनेछ।

१६. विद्यालय तहमा कानुनी साक्षरता अभियान संचालन गरिनेछ।

१७. Skill of Kageshwori ManoharaÚs Students कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई प्रत्येक हप्ताको शुक्रबार सिपमुलक व्यवहारिक ज्ञान प्रदान गरिनेछ।

**ख. स्वास्थ्य**

१. "मेयर संग जेष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य कार्यक्रम" लाई समुदायसम्म पुऱ्याई जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचार तथा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरु गरिनेछ।

२. आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि "मेयर घरदैलो स्वास्थ्य कार्यक्रम" (Mayor Door to Door Health Service) मार्फत घर दैलो/समुदायमा गई सेवा प्रवाह गरिनेछ।

३. महिलाहरुको प्रजनन् स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ्ग खस्ने समस्याको पहिचानको स्क्रिनिङ्ग गर्न "उपमेयर सँग महिला प्रजनन् स्वास्थ्य सेवा कार्यक्रम" संचालन गरिनेछ।

४. नगर अस्पतालमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरी थप आवश्यक विशेषज्ञ चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुको समुचित व्यवस्था गरी आधारभुत तथा विशेषज्ञ स्वास्थ्य सेवा दिईनुका साथै अत्याधुनिक ल्याब सेवाको विस्तार शल्यक्रिया कक्षको निर्माण गरिनेछ।

५. "विद्यालय स्वास्थ्य कार्यक्रम" मार्फत विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण तथा स्वास्थ्य प्रवर्द्धनात्मक कृयाकलापहरु संचालन गरिनेछ।

६. सर्वव्यापी पहुँच र नागरिकको मौलिक हकको सुनिश्चित गर्न सबै वडाहरुमा गाउँघर क्लिनिक विस्तार गरी जेष्ठ नागरीकको चेकजाँच सेवा, परिवार नियोजनको सेवा, गर्भजाँच सेवा, सुत्केरी सेवाको Coverage बढाउने निति लिएको छ।

७. मातृ तथा नवजात शिशु मृत्युदर न्यूनिकरण गर्न मातृ तथा नवजात शिशु स्याहार एवं उपचार सेवाको लागि "उपमेयरसंग सुत्केरी भेट कार्यक्रम"(PNC Visit) निरन्तरता दिईनेछ।

८. आधारभुत स्वास्थ्य सेवाको आधारको रुपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकालाई सवलिकरण गर्न स्वास्थ्य आमा समुह पुनर्जागरण कार्यक्रम संचालन गरिनेछ।

९. खोप कार्यक्रममा गुणस्तरीयता कायम गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरी स्वास्थ्य शाखामा कोल्ड चेनको व्यवस्थापन गरिनेछ।

१०. स्वास्थ्यको एकीकृत तथ्यांकको गुणस्तरियता कायम गर्न EHIRRS (Electric Health Information Recording Reporting System) को व्यवस्था गरिनेछ।

११. गुणस्तरिय स्वास्थ्य सेवाका लागि ल्याव सेवा संचालनमा रहेका स्वास्थ्य चौकी (आलापोट, गोठाटार, डाँछी) मा चिकित्सकबाट चेकजाँच सेवा प्रदान गरिनेछ।

१२. महिला/बालवालिका/किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न लक्षित समूहमा बहुउद्देश्य पोषण कार्यक्रम संचालन गरिनेछ।

१३. आयूर्वेद औषधालयलाई सबलिकरण गरी आयूर्वेदका क्रियाकलापहरुलाई सबै वडाहरुमा विस्तार गरिनेछ।

१४. स्वास्थ्य सेवाको पहुँचलाई ध्यानमा राखि Telemedicine सेवाको अवधारणालाई अवलम्व गरिनेछ।

१५. गुणस्तरीय स्वास्थ्य सेवाको लागी सबै स्वास्थ्य चौकीहरुमा ल्याव सेवा संचालन गरिनेछ। वडामा रहेका स्वास्थ्य संस्थामा हरेक हप्ता डाक्टरको व्यवस्था गरिनेछ।

१६. यस नगरपालिका भित्र रहेका नियमित रुपमा अक्सिजन लगाउनु पर्ने बिरामीहरुलाई निशुल्क अक्सिजनको व्यवस्था गरिनेछ।

१७. यस नगरपालिका भित्र रहेका दिर्घरोगी, ज्येष्ठ नागरिक गर्भवती र प्रसुती भएका महिलाहरुलाई मुलपानी नगर अस्पतालबाट Door to Door निशुल्क एम्बुलेन्स सेवा व्यवस्था गरिन्छ।

**ग. युवा तथा खेलकुद विकास तर्फ**

१. यस नगरपालिकाको मूलपानी अन्तराष्ट्रिय क्रिकेट मैदानको निर्माण कार्य छिटो सम्पन्न गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ, मूलपानी क्रिकेट मैदानमा अन्तराष्ट्रिय खेल आयोजना गर्न CAN सँग सहकार्य गरी समन्वय गरिनेछ।

२. यस नगरपालिकाको मूलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा मेयर कप क्रिकेट प्रतियोगिता संचालन गरिनेछ।

३. नगरपालिकाको वडा नं. ७ स्थित सोमतिर्थमा रहेको मैदानलाई राष्ट्रिय खेलकुद परिषद, रग्बी संघको सहकार्यमा रग्बी स्टेडियमको डि.पि.आर. तयारी गरी स्टेडियम निर्माण कार्य अघि बढाईनेछ।

४. नगरपालिकाको वडा नं. ४ स्थित सिंखडा गाउँमा Ice Hockey को लागि विभिन्न निकायको सहकार्यमा सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५. नगरपालिका भित्रका युवाहरूलाई रोजगार तथा उद्यमशीलतासँग जोड्दै उत्पादकत्व अभिवृद्धि गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोष, युवा परिषद्, सहकारी संस्थाहरू लगायतसँग सहकार्य र साझेदारीमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

६. नगरपालिका भित्रका युवाहरुलाई आत्मनिर्भर, व्यवसायी, प्रविधिमैत्री बनाउनको लागि ICT Hub को स्थापना गरी ICT सम्बन्धि शिक्षा, सिप र तालिम दिईनेछ।

७. विद्यालयस्तर देखि सामुदायिक कलेजसम्म खेलकुदको प्रवर्द्धन तथा विकास गर्न खेलकुद सम्बन्धि अध्ययन अध्यापनको व्यवस्था गरिनेछ।

**घ. खानेपानी तथा सरसफाई**

१. यस नगरपालिकाद्वारा निर्माणाधिन काँडाघारी खानेपानी आयोजनाको बाँकी निर्माण कार्य सम्पन्न गरिनेछ।

२. नगरपालिकामा प्रत्येक घरमा एक घर एक धारा अभियान अन्तर्गत स्वच्छ खानेपानी उपलव्ध गराउनको लागि डाँछी भद्रवास खानेपानी आयोजना र गोठाटार भैमाल खानेपानी आयोजना समयमा सम्पन्न गर्न अनुगमन, नियमन तथा समन्वय गरिनेछ। नयाँ मुलपानी खानेपानी तथा सरसफाई आयोजना संचालन गरिनेछ।

३. नगरपालिकाभित्र संचालनमा रहेका खानेपानी व्यवस्थापन समितिहरुलाई व्यवस्थित ढंगले संचालन गर्नको लागि नगरस्तरिय खानेपानी वोर्ड गठन गरी कार्यान्वयन गरिनेछ।

४. वडा नं. १ कागेश्वरीमा रहेको जलभण्डारलाई व्यवस्थित गरी जलाशय निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने र नगर भित्रको एकीकृत खानेपानी संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। वडा नं. १ र २ मा खानेपानी Treatment एबिलत र पाईप लाईन विस्तार गरिनेछ।

५. परापूर्व कालदेखि जलस्रोत भण्डारका रुपमा रहि आएका ढुङ्गेधारा, पोखरी, कुवा र इनार संरक्षण गरिनेछ साथै सार्वजनिक स्थलहरुमा पोखरी निर्माण गर्ने तथा परम्परागत पोखरीहरुको संरक्षण गरिनेछ।

**ङ. पूर्वाधार विकास**

**१. सडक – पुल**

१. नगरपालिका क्षेत्रको : aster Plan, Land use Plan, Periodic Plan, Sectoral Plan, Flexibility Study तथा DPR तयार गरी आयोजनाको प्राथमिकिकरण गरी कार्यान्वयन गरिनेछ।

२. सडक दुर्घटना कम गरी आवगमनलाई सहज बनाउन नगरपालिका भित्रका सडकलाई खाल्डा खुल्डी रहित बनाउन तत्काल काम गर्ने गरी सवारी (Maintence Vehicle) को व्यवस्था गरिनेछ।

३. नगरक्षेत्रभित्र उपभोक्ता समिति मार्फत सञ्चालन हुने निर्माण आयोजनाको हकमा आयोजनाको प्रकृति र आयोजना सञ्चालन हुने क्षेत्रका आधारमा लागत सहभागिताको प्रतिशत निर्धारण गरी कार्यान्वयन गरिनेछ।

४. नगरपालिकाको प्रत्येक वडामा बढी भिड हुने र आवश्यकता पहिचान गरी सार्वजनिक शौचालय निर्माण गरिनेछ।

५. नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानमा मौलिक पहिचान तथा संस्कृति झलक्ने फल्चाको निर्माण गरिनेछ।

६. नगरपालिकाले निर्माण आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सञ्चालन गर्नु पुर्व योजना सञ्चालन सम्बन्धि विषयमा अनुशिक्षण/अभिमुखीकरण तालिम दिईनेछ।

**२. भवन निर्माण तथा शहरी विकास**

१. नगरपालिकाको स्वीकृत जग्गा विकास मापदण्ड कार्यान्वयन गरी व्यवस्थित शहर निर्माण गरिनेछ।

२. नगरपालिकाले घर नक्शा स्वीकृति प्रणालीलाई सूचना प्रविधिमा आधारित EBPS प्रणालीलाई थप परिस्कृत गरिनेछ।

३. Smart City का कारण नगरबासीले अशंबण्डा, जग्गा कित्ताकाट र नक्शा पासमा देखिएको समस्यालाई समाधान गर्न उपत्यका मेयर्स फोरम, नगरपालिका महासंघ मार्फत पहल कदमी लिई आवश्यक समन्वय र सहजिकरण गरिनेछ।

४. पूर्वी उपत्यका नयाँ शहरी विकास आयोजना निर्माणको लागि आवश्यक नीतिगत विषयहरू टुङ्गाई निर्माणको कार्य सुरु गरिनेछ।

५. नगरपालिका क्षेत्रभित्र भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिनु अघि अनिवार्य रुपमा Re-charge Pit र २ वटा बिरुवा यस कागेश्वरी मनोहरा नगरपालिकाको कृषि शाखाबाट सिफारिस भई आएको विरुवा रोपे पछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराईनेछ। साथै सरकारी भवन, विद्यालय, स्वास्थ्य भवन निर्माण गर्दा DPR मा नै Re-charge Pit, Rain Water Harvesting र बिरुवा रोप्ने कार्य समावेस गरी अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ।

६. नेपाल विद्युत प्राधिकरण तथा यस नगरपालिकाको समन्वय र सहकार्यमा मनोहरा खोलामा कोरिडोर निर्माणका लागि गुरु योजना तयार गरी निर्माण कार्य गरिनेछ।

७. नयाँ वडा कार्यालयहरू निर्माण गर्दा Municipal Service Center को अवधारणामा आधारित भएर निर्माण गरिनेछ।

८. निजी क्षेत्रसँगको समन्वय, सहकार्यमा एक वडा एक नमूना वस्ती विकास कार्यक्रम सुरुवात गरिनेछ।

९. नगरको शहरी सुन्दरता वृद्धि गर्न वृक्षारोपण र रंगरोगन, आधुनिक पार्क, ओपन जिम हाउस सञ्चालन गरिनेछ। बाटोहरू स्वच्छ, सफा, हराभरा बनाउन ब्रुमर मार्फत सडक सफा गरिनेछ।

१०. नगरपालिका क्षेत्रभित्र निर्माण भएका अस्थाई (आवसिय र व्यवसायीक) टहराहरूलाई २०७५ भवन मापदण्ड बमोजिम निर्माण गर्न नियमित अनुगमन गरिनेछ।

११. नगरक्षेत्र भित्रका सार्वजनिक पर्ति जग्गाको संरक्षण गरी सरकारी स्वामित्वमा रहेका जग्गा जमीनमा भएको अतिक्रमण बन्द गर्ने तथा अनाधिकृत रुपमा निर्माण गरिएका भौतिक संरचना हटाइनेछ।

१२. नक्शामा खहरे भएको स्थानमा सो खहरेलाई व्यक्तिको जग्गातर्फ सारी अर्को तर्फ बाटो निर्माण भएको अवस्थामा वडा कार्यालयको सिफारिसको आधारमा २०७५ भवन निर्माण मापदण्डको अनुरुप दायाँ बायाँ दुवैतर्फ बाटोको लागि हालको मापदण्ड लागु हुनेछ।

१३. १० फिट भन्दा कम चौडाई भएका बाटोहरुमा आर.सि सि ढलानलाई निरुत्साहित गरी ब्लक

बिछाउने कार्यलाई अनिवार्य गरिनेछ।

१४. कागेश्वरी मनोहरा नगरपालिकामा निर्माण स्वीकृत/ निर्माण सम्पन्न भएको २०७५ असोज १ गते देखि २०७८ चैत्र मसान्त सम्म मात्रको लागि उक्त घरहरुको घरधनीलाई भत्काउने लिखित प्रतिबद्धता कबुलियत वडाबाट प्रमाणित प्रमाणीकरण गरी भवन निर्माण कैफियत सम्पन्न प्रमाण पत्र दिइने छ। यो नियम आ.व ०८१/०८२ मङ्सिर मसान्त सम्म मात्र लागु गरिने छ।

१५. कागेश्वरी मनोहरा नगरपालिकाको नगरसभा तथा अर्धबार्षिक समीक्षा २०७८/७९ को निर्णय नं २ को उप दफा २.२ को निर्णय बमोजिम नापी नक्शामा बाटो नभएको, चलनचल्तीमा रहेको र सहमतिमा वडा कार्यालयबाट प्रमाणित भएका बाटोहरुको लागि वडा कार्यालयको सिफारिसका आधारमा कुनै कित्ता जग्गामा मुख्य बाटो बाहेक सो कित्ताको सिमानाबाट निजि/सार्वजनिक प्रयोजनका लागि बाटो बनाई चलन चल्तीमा ल्याएको अवस्थामा उक्त कित्ता/ जग्गामा घर बनाउदा बाटोको R.O.W लागु नहुने र सेटब्याकको मापदण्ड मात्र लागु हुने। (पुनश्चः- यो नियम नापी नक्शामा बाटो नदेखिएको र सहमतिको बाटोको लागि मात्र लागु हुने छ।)

१६. साबिकको कुनै पनि राजकुलो, खहरे, सार्वजनिक जग्गामा वडा कार्यालयको सिफारिसबाट बाटो प्रमाणित गरि घर नक्सा पास गरेकोमा हाल कुनै पनि राजकुलो, खहरे, सार्वजनिक जग्गाहरुको साँध सिमानामा नक्शा पास गर्न वडा कार्यालयको सिफारिसका आधारमा सिफारिस वमोजिमको मापदण्ड लागु हुने छ।

१७. कुनै पनि आवासीय घर/भवन नक्सा पास पश्चात फिल्डमा व्यवसायिक रुपले मापदण्ड बमोजिम/ विपरित भएमा हाल संसोधन सहितको नक्सा पास गर्न आउदा त्यस्तो घरलाई व्यापारिक घर/भवनको राजश्व असुली गरिएकोमा त्यस्ता घर/भवनको हकमा जुन-जुन कोठामा सटर लागाईएको छ त्यसलाई मात्र व्यापारिक मान्यता दिई सोहि कोठाको क्षेत्रफललाई मात्र व्यापारिक घर/भवनको राजश्व अशुल गरी बाँकीलाई आवासीय सहित संसोधन दरको राजश्व असुली गरि नियमित/ भवन निर्माण कैफियत सम्पन्न प्रमाण पत्र दिइने छ।

१८. साविक गा.वि.स/ नगरपालिकाबाट नक्शा पास गरेपछि नक्शा नामसारीको निवेदन नगरपालिकामा पेश भएकोमा उक्त नामसारी प्रमाण पत्रको लागि सम्बन्धित वडाको वडा प्राविधिकको प्रतिवेदन र वडा अध्यक्षको सिफारिसका आधारमा मात्र नगरपालिकाबाट चेकजाँच गरि प्रमाण पत्र प्रदान गरिने छ।

१९. कागेश्वरी मनोहरा नगरपालिका भवन निर्माण मापदण्ड २०७५ को दफा ४८ मा उपदफा ५ थप गरि साबिक गा.वि.स. वा नगरपालिकाको २०७८ चैत्र सम्म स्वीकृत नक्शा भए बमोजिम नै भवन निर्माण भएको तर मात्र सेट-ब्याकमा बरण्डा निर्माण भएको भए उक्त घरहरुको घर धनीलाई सेट-ब्याकको बरण्डा भत्काउने लिखित प्रतिबद्रता/कबुलियतनामा गराई बरण्डाको प्रति ब.फि. रू ५००|०० (अक्षेरेपी रू पाँच सय मात्र) जरिवाना लिएर भवन निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने। यो नियम आ.व. ०८१|०८२ मङ्सिर मसान्त सम्म मात्र लागु गरिने छ।

२०. घर निर्माण स्थायी ईजाजत प्रमाण पत्र जारी गर्नुभन्दा अगाडि फिल्डमा अनिवार्य सोकपिट र

सेफ्टि ट्याङ्की सँगै सम्बन्धित प्राविधिकको फाटो सहित सम्बन्धित वडाको वडा प्रतिनिधिले फोटो प्रमाणित गरे पश्चात स्थायी ईजाजत प्रमाण पत्र दिने प्रक्रिया अघि बढाउने व्यवस्था गर्नुपर्ने ।

२१. भूकम्प पिडितको हकमा नक्शा स्वीकृति अथवा कैफियत सम्पन्न लिन आउदा भूकम्पको रातो कार्ड पेश भएमा पिडितलाई १००० व.फि सम्म छुट गरिनेछ। यो नियम आ.व ०८१/०८२ मङ्सिर मसान्त सम्म मात्र लागु गरिने छ।

२२. आवाशिय तथा व्यक्तिगत प्रयोजनको जग्गालाई र अन्यको हकमा (तिन पुस्ते दर्ताफारी प्रयोजन, बकसपत्र, अंश भरपाई, अंश बण्डा, दर्ताफारी) प्रयोजनको जग्गालाई वडा कार्यालयबाट जग्गा कित्ताकाट सिफारिस गर्ने तथा प्लानिङ्ग, जग्गा व्यवस्थापन तथा प्लटिङ्गलाई नगरपालिकास्तर नगरपालिकाको मापदण्ड बमोजिम नगरपालिकाले कित्ताकाटको लागि सिफारिस गरिनेछ।

**च. कृषि तथा पशु**

१. यस नगरपालिकाको कृषि क्षेत्रको विकासको लागि "कृषक स्तरमा कृषि प्राविधिक" अभियान संचालन गरिनेछ । नगरबासी सम्पूर्ण कृषकहरुको सहजतालाई मध्यनजर गरी कृषकस्तरमा प्राविधिक सेवा, परामर्श, प्रविधि हस्तान्तरण तथा किसानको समस्या फिल्डस्तरमा समाधान गर्न एकीकृत घुम्ति तालिम/शिविर (बाली उपचार तथा माटो जाँच शिविर, स्थलगत घुम्ति तालिम) कार्यक्रम संचालन गरिनेछ।

२. संघीय, प्रदेश अन्तर्गतका निकाय तथा नगरपालिका मार्फत संचालित विविध अनुदानका कार्यक्रमहरुको प्रभावकारीता, उपयोगिता, जवाफदेहिता एवम् पारदर्शिता कायम गर्न तीनै तहका सरकारको प्रतिनिधिहरुको संयुक्त सहभागितामा व्यवस्थित र नियमित अनुगमन कार्यक्रम संचालन गरिनेछ।

३. दिगो भू-व्यवस्थापन सिद्धान्तलाई आत्मसाथ गर्दै माटोको स्वच्छता कायम गर्न, माटोको गुणस्तर सुधार गर्न तथा प्राङ्गारिक खेती प्रवर्द्धन गर्न प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ । नगरक्षेत्र भित्र दर्ता भई संचालित सक्रिय कृषि सहकारी, कृषक समूह तथा कृषि उद्यमीहरुसँग समन्वय गरी सम्पूर्ण वडाहरुमा प्राङ्गारिक गोठे मल, जैविक मल उत्पादन र व्यवस्थापन गर्न प्रविधि प्रदान गरिने कार्यक्रमहरु संचालन गरिनेछ।

४. युवा कृषक तथा उद्यमीहरूसँगको साझेदारीमा वडास्तरमा नमूना फार्म स्थापना गरी सिकाइ केन्द्रको रूपमा विकास गरि, कृषि पर्यटनको विकास गरिनेछ।

५. नगर क्षेत्रभित्रको स्थानीय कृषि उपजको मूल्य निर्धारणमा उत्पादकको अधिकार सूनिश्चित गर्न नगरपालिका, उत्पादक कृषक, कृषि उपज संकलक, सहकारी, कृषि हाटबजार संचालक लगायत अन्य सरोकारवाला निकायहरुको संयुक्त साझेदारीमा न्यूनतम समर्थन मूल्य निर्धारण समिति गठन गरी समयानुकूल निश्चित मूल्य निर्धारण गरी कार्यान्वयन गरिनेछ।

६. कृषकलाई सहुलियत कृषि कर्जा एवम् कृषि बीमा कार्यक्रमसँग जोड्न सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

७. कृषि कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी तुल्याउन आवश्यक कार्यविधि, कानुन निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

८. वास्तविक किसानको पहिचान तथा वर्गिकरणका लागि किसान सूचिकरण तथा किसान परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ साथै नगरपालिका मार्फत कार्यान्वयनमा रहेको किसान कार्ड कार्यक्रमलाई थप व्यवस्थित तुल्याउन किसानहरुको तथ्याकं डिजिटल माध्यममा प्रविष्टि गर्ने प्रबन्ध मिलाईनेछ।

९. खाद्य स्वच्छता एवम् उपभोक्ता हकहितको संरक्षण एवम् सम्वर्द्धन गर्न सरोकारवाला निकायहरुको सहकार्यतामा नियमित कृषि हाटबजार, तरकारी, फलफुल बिक्रिकेन्द्र, कृषि उपज संकलन केन्द्र, बीउ बिजन, विषादि बिक्रि केन्द्रको स्थलगत अनुगमन कार्यलाई कार्यान्वयनमा ल्याईनेछ।

१०. "व्यवस्थित पूर्वाधार युक्त बस्ति योग्य शहरः स्वच्छ सुन्दर हराभरा हाम्रो नगर" अभियान मार्फत सडक किनारमा आलकांरिक बिरुवा, फलफुलका बिरुवा रोपण कार्यक्रम संचालन गरिनेछ।

११. "सु-स्वास्थ्यका लागि ताजा तरकारी : कौशिमा उत्पादन गरौं अल्छि नगरी", अभियान संचालन गरी प्रत्येक घरमा व्यवस्थित कौशि खेति प्रवर्द्धन कार्यक्रमको सुरुवात गरिनेछ। साथै बढ्दो सहरिकरणलाई ध्यानमा राखी कौशीखेतीलाई प्रवर्द्धन गरिनेछ।

१२. "कृषि आधुनिकिकरणको आधारः प्रविधि र पूर्वाधार" वाक्याशंलाई दृष्टिगत गरी कृषिजन्य वस्तुहरुको व्यावसायिक उत्पादन अभिवृद्धिका लागि आवश्यक पर्ने प्रविधि र औजार अनुदानमा उपलब्ध गराउँदै कृषि पूर्वाधार निर्माणका लागि आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिनेछ।

१३. खाद्य सुरक्षा कायम गर्नका लागि खाद्यन्न तथा मौसमि तथा बेमौसमि तरकारीहरुको उन्नत, वर्णशंकर बीउ अनुदानमा वितरण गर्ने प्रवन्ध मिलाईनेछ।

१४. फुलको आयातलाई प्रतिस्थापन गर्न व्यवसायिक पुष्प उत्पादक कृषक तथा उद्यमीहरुसँग सहकार्य गरी आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

१५. सिंचित क्षेत्रको विस्तार गर्न मुहान श्रोत भएका स्थानमा सतही सिंचाई र नभएका स्थानमा डिप बोरिङको व्यवस्था गर्न साना सिंचाई तथा मझौला सिंचाई कार्यक्रमको लागि संघीय एवम् प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१६. कृषि क्षेत्रलाई पर्यटन क्षेत्रसँग जोड्न तथा नगरको स्थानीय रैथाने कृषि उत्पादन प्रवर्द्धनका लागि कृषि मेला प्रदर्शनी कार्यक्रमको व्यवस्था गरिनेछ।

१७. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको पकेट कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागु गरिनेछ। साथै हाल संचालित पकेट तथा यस नगरपालिकाको विशेष कृषि उत्पादनलाई ब्लकको रुपमा स्थापित गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१८. गाई भैंसी, बाख्रा पालन गर्ने किसान तथा व्यवसायिक कृषकहरुलाई आवश्यकता अनुसार प्राविधिक सहयोग दिई क्षमता अभिवृद्धि गरिनेछ।

१९. यस नगरपालिका भित्र रहेका पशुहरुको स्वस्थ्यकर उत्पादनलाई मध्यनजर गरी मागमा आधारित अनुदानमा Cow Mat वितरण र गोठ सुधार कार्यक्रम संचालन गरिनेछ साथै पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२०. पशुहरुको शारिरिक बृद्धिका निमित्त आवश्यक मिनरल, भिटामिन यस नगरपालिकाको पशु सेवा शाखाबाट प्रदान गरिनेछ। यसका साथै पशुपालनका लागि आवश्यक मौसम अनुसार घाँसको बिउ/बेर्ना वितरण गरी पशुपालनमा लाग्ने लागत घटाई कृषकहरुको नाफामा बृद्धि गरिनेछ।

२१. समय समयमा यस नगरपालिका भित्र स्वास्थ्य शिविर संचालन गरी पशु स्वास्थ्य तथा उत्पादनमा ह्रास ल्याउने अति संक्रमित रोगहरु जस्तै FMD, PPR, LUMPY SKIN DISEASE विरुद्ध खोप लगाई समयमै रोकथाम गर्ने र रोग लागि विरामी भएका पशुहरुको रोग निदान तथा प्रभावकारी उपचारका निमित्त प्रयोगशाला सेवा निरन्तर रुपमा प्रदान गरिनेछ।

२२. नगरपालिका भित्रको पशु सेवा केन्द्रलाई एकीकृत पशु सेवा शाखा बनाई कर्मचारीको क्षमता विकास गरिनेछ।

२३. "Rabies zero by 30" को अवधारणा अनुसार मानिसमा कुकुरको टोकाईबाट सर्ने रेविज रोगको रोकथामका लागि सामुदायिक कुकुरहरुको संख्या न्युनिकरण गर्न बन्ध्याकरण कार्यक्रम संचालन र रेविज रोग विरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४. उपभोक्ताहरुलाई स्वस्थकर मासु तथा दुधजन्य पदार्थ उपलब्ध गराउने उद्देश्यले नियमित अनुगमन गरी गुणस्तरिय मासु तथा दुधको उपलब्धतालाई सुनिश्चित गरिनेछ। साथै Meat ः बचत को व्यवस्था गरी गुणस्तरीय र स्वस्थकर मासु वितरण गरिनेछ।

२५. मुलपानीमा अवस्थित पशुसेवा केन्द्रमा सेल्टर निर्माण गरि आवश्यक पुर्वाधार सहित बिरामी सामुदायिक कुकुरहरुको उपचार तथा हेरचाह गरिनेछ।

छ. सहकारी, उद्यम तथा पर्यटन

१. सहकारी मूल्य, मान्यता, सिद्धान्त, विधि र पद्धतिका आधारमा सहकारी संस्थाहरुको संचालन प्रवर्द्धन, एकीकरण (Merge) तथा नियमन गरिने छ।

२. नगर क्षेत्रभित्रका सबै सहकारी संस्थाको अभिलेख अद्यावधीकरणका लागी वर्गिकृत रुपमा COPOMIS मा आधारित मासिक/चौमासिक/वार्षिक प्रतिवेदन प्रणाली लाई संस्थागत गरिनेछ।

३. एक सहकारी एक व्यवसाय नीति कार्यान्वयनका लागि सहकारी शाखाबाट योजना तर्जुमा तथा प्रर्वद्धनात्मक कार्यक्रममा सहजिकरण गरी साझेदारी मोडलमा व्याज अनुदान कार्यक्रम, सिप तालिम तथा प्रविधि सहयोग मार्फत उद्यमशीलता कार्यक्रम संचालनमा ल्याइनेछ।

४. सहकारी संस्थासँगको साझेदारीमा उत्कृष्ट अभ्यास अनुकरणमा सहजिकरण गरिनेछ।

५. सहकारी संस्थामा सुशासन कायम गर्न र बचतकर्ता र संस्था विचको सदासयतापूर्ण विश्वस र सम्बन्ध स्थापनाका लागि ऋण व्यवस्थापन, सम्पत्ती शुद्धिकरण, संचालक समितिका पदाधिकारीहरुको

क्षमता विकास एवं व्यवस्थापकहरुको कार्यसम्पादन अभिवृद्धी तथा PEARLS लगायतका तालिम प्रदान गरिनेछ।

६. नमुना सहकारी संस्था स्थापना कार्यक्रमलाई Pilot कार्यक्रमका रुपमा शुरुवात गरिनेछ।

१. यस नगरपालिकामा कार्यक्षेत्र रहेका प्रदेश अन्तर्गतका सहकारी संस्थाहरुलाई अभिलेखिकरण गरी कर प्रणालीमा आवद्ध गराइनेछ।

२. सहकारी संस्थाहरुको सघन अनुगमन एवं नियमित अनुगमनलाई थप प्रभावकारी बनाइनेछ।

३. सहकारी संस्थाहरुको प्रोफाइल निर्माण तथा सहकारीमा सदस्य वडापत्र निर्माण अनिवार्य गरिनेछ।

४. सहकारी संस्थाको संचालक समितिका पदाधिकारीहरुलाई ऐन, नियम, विनियम एवं नीति सम्बन्धी र व्यवस्थापक एवं कर्मचारीहरुका लागि सहकारीको बचत, ऋण तथा कोषहरु सम्बन्धीकयातधबचभ प्रविष्टिका लागि अनुशिक्षण प्रदान गरिनेछ।

५. कागेश्वरी मनोहरा नगरपालिका सहकारी नियमावली एवं संकटग्रस्त सहकारी कार्यविधि निर्माण गरिनेछ।

६. अनुगमन तथा नियमन गरिएका सहकारी संस्थाहरुलाई ऐन, नियम, नीति, विनियम विपरीत संचालन गरीएका सहकारी संस्थाहरुलाई जरीवाना एवं आवश्यक कारवाही गरीने नीति लिई कानूनी दायरामा ल्याइनेछ।

७. उद्यमशिलतामा लागेका सहकारी सस्थाहरुलाई प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ।

८. नगर भित्र उद्यमशीलता विकास गर्न गरिवी निवारणका लागी लघु उद्यम विकास (मेड्पा) मोडलमा नयाँ उद्यमी सिर्जना, सिप, स्तरोन्नती तालिम तथा प्रविधि हस्तान्तरण, रुग्ण अवस्थामा रहेका उद्यमी पहिचान गरी पुर्नउत्थानका लागि सहजिकरण गरिनेछ।

९. नयाँ तथा पुराना उद्यमीहरु द्वारा उत्पादित सामाग्रीको बजारीकरण मा सहयोग र वित्तीय पहुचका लागि सहकारी संस्था सँग Linkage गराइनेछ।

१०. उदयीमान प्रविधिको विकास र नवप्रर्वतनमा युवा सहभागिता गराई रोजगारी तथा स्वरोजगारी बढाईनेछ।

११. उद्यम शीलताको दिगो विकासका लागि कोशेली घर एवं Incubation Centre संचालन गरिनेछ।

१२. यस नगरपालिकामा रहेको कागेश्वरी धामको पर्यटन प्रवर्द्धनको लागि गुरु योजना अनुसारको निर्माण कार्य एवं प्रचार प्रसार गरिनेछ।

१३. तामाङ होमस्टे तथा संग्रहालयको निर्माण गरी, नेवारी भाषा, साहित्य, संस्कृति झल्काउने तथा दलित समुदायको संस्कृती झल्काउने संग्रहालय निर्माण गरिनेछ।

१४. प्रसिद्ध पर्यटकीय स्थल कागेश्वरी महादेव मन्दिर, नवतनधाम श्रीकृष्ण मन्दिर, सोमलिङ्गेश्वर महादेव मन्दिर, सोमतिर्थ महादेव मन्दिर, कोलमतेश्वरधाम, काष्टभैरव मन्दिर, चम्पक विनायक मन्दिर

आदिको संरक्षण र सम्वर्द्धन गर्दै यस नगरपालिकालाई धार्मिक पर्यटन नगरीको रुपमा विकास गरिनेछ।

१५. पर्यटकीय सेवा सुविधा सम्पन्न गोकर्ण फरेष्ट रिसोर्ट तथा अन्तराष्ट्रियस्तरको गल्फकोर्स रहेको गोकर्ण वन, निर्माणाधिन ODI मान्यता प्राप्त अन्तराष्ट्रियस्तरको मुलपानी क्रिकेट मैदानलाई सम्पन्न गर्न, नगरपालिका भित्र पर्ति जग्गाहरूमा रग्बी, भलिबल र बसिङ्गको लागि आवश्यक पूर्वाधार निर्माणको पहल गरी खेल पर्यटनको नगरीको रुपमा विकास गरिनेछ।

१६. नगरपालिकाभित्र रहेका धार्मिक मठ मन्दिर धार्मिक स्थल पर्यटकिय स्थल पार्क सामुदायिक वन खेल मैदान होम स्टे विभिन्न समुदायका जात्रा पर्व भेषभुषा आदिको विभिन्न निकायको समन्वय र सहकार्यमा प्रवर्द्धन विकास र संरक्षण मार्फत पर्यटन विकास गरिनेछ।

१७. यस नगरपालिकामा रहेका पर्यटकिय स्थलहरुको पहिचान, नक्शांकन, सम्भाव्यता अध्ययन र डि.पि.आर. तयारी गरिनेछ।

१८. यस नगरपालिकाको वडा नं. १ को माथिल्लो भेगमा रहेका वस्तिहरुलाई एकीकृत घर बासको रुपमा विकास गरी Weekned Refreshment Area (WRA) को रुपमा विकास गरी त्यस क्षेत्रका नागरिकको आय आर्जन वृद्धि गरी उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

१९. वडा नं. १ देखि ९ सम्म पर्यटकिय पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

२०. Sports Adventures लगायतका साहारिक खेललाई प्रवर्द्धन गर्न निजी क्षेत्रसँग सहकार्य गरी प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

२१. सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्रको समन्वय र सहकार्यमा औद्योगीक क्षेत्र वा विशेष आर्थिक क्षेत्रको समभाव्यता अध्ययन गरी नगरपालिकालाई औधौगीक नगरीको रुपमा विकास गर्दै लगिनेछ।

**ज. सूचना तथा सञ्चार**

१. कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन गरिनेछ।

२. यस नगरपालिकामा सुशासनको प्रवर्द्धन गर्न एकीकृत सूचना प्रणालीको अबलम्वन गरी हालसम्म भएका कार्यहरुको विश्लेषण गरी भावी योजनाको लागि नगरपालिकाबाट ICT Master Plan तर्जुमा गरिनेछ।

३. नगरपालिकाबाट भए/गरेका गतिविधिहरु नगरबासी माझ चुस्त रुपमा प्रवाह गर्न नगरपालिकाको सामाजिक सञ्जाल र मोबाइल ऐप मार्फत सूचना प्रवाह गरिनेछ।

४. यस नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षित कायम गरी अपराधिक क्रियाकलाप न्यूनिकरण गर्न उच्च गुणस्तरका सि.सि क्यामेरा प्रयोग गरी उक्त क्यामेरामा कैद हुने गतिविधिहरुलाई अवलोकन गर्न अवलोकन कक्ष स्थापना गरिनेछ।

**झ. संस्थागत विकास एवम् वित्तिय सुशासन**

१. नगरपालिकाको सेवा प्रवाह, काम कार्वाही तथा विकास निर्माण गतिविधि सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ। Virtual माध्यमबाट मासिक रुपमा सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२. कर्मचारी विवरण सूचना प्रणाली (PIS) सफ्टवेयरमा अद्यावधिक गर्ने कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिई चुस्त र दुरुस्त बनाईनेछ।

३. चालु आ.व. मा ७ : को कार्य सम्पन्न हुने चरणमा रहेकाले सो कार्य सम्पन्न भए पछि सोही आधारमा कर्मचारी दरवन्दी मिलान गरिनेछ।

४. चालु आ.व. मा वडा नं. ७ को सेवालाई ISO गुणस्तरको कायम गरी सेवा प्रवाह हुदै आएकोमा अन्य वडाको सेवालाई समेत ISO गुणस्तर कायम गर्दै क्रमशः लगिनेछ।

५. नगरपालिका तथा वडा कार्यालयका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विषय विज्ञताको आधारमा आवश्यकतामा आधारित क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ। कर्मचारीको अनुभव, रुची एवम् विज्ञताको आधारमा कार्य जिम्मेवारी दिइनेछ। द्दछ वर्ष सेवा गरेका कर्मचारीहरूलाई दीर्घ सेवा पदकबाट आगामी आर्थिक वर्षमा सम्मान गरिनेछ।

६. वडा न ७ मा अंग्रेजीबाट गरिने दर्ता सिफारिस Software बाट गर्ने सुरुवात भएकाले उक्त कार्यलाई अन्य वडामा समेत विस्तार गरिनेछ।

७. समग्र नगरपालिका प्रशासनलाई शुसासनयुक्त सेवाग्राहीमैत्री र गुनासो रहित सेवा प्रवाहको व्यवस्था मिलाई शुन्य सहनशिलता नीति अवलम्वन गरिनेछ।

८. वडाहरूबाट प्रदान गरिने सेवा तथा विकास निर्माण गतिविधि थप प्रभावकारी बनाउन कार्यविधिहरू निर्माण गरी क्रमशः अधिकार प्रत्यायोजन गरिनेछ। यसको लागि आर्थिक अधिकार समेत क्रमशः प्रत्यायोजन गर्दै लगिनेछ।

९. नगरपालिका क्षेत्रभित्र औषधी पसल, दुध तथा मासुजन्य व्यवसाय, फलफूल तथा तरकारी, खाद्यान्न, स्वास्थ्य क्लिनिक, विभिन्न उद्योग व्यवसाय एवम् सेवा व्यवसायहरूको गुणस्तर, मूल्यसूची, वातावरणीय प्रभावलाई ध्यानमा राखी नियमित अनुगमनको व्यवस्था मिलाउन स्थायी प्रकृतिको बजार अनुगमन शाखा गठन गरी सोही शाखा मार्फत संघीय कार्यालयहरूको सहयोगमा अनुगमनको कार्यलाई प्रभावकारी बनाईनेछ।

१०. नगरपालिकाबाट प्रदान गरिने सेवाको जानकारी आगामी आ.व.को श्रावण १ गते देखि डिजिटल नागरिक वडापत्र मार्फत जानकारी उपलव्ध गराउने व्यवस्था मिलाईनेछ।

११. यस नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाह र विकास निर्माण कार्यको विभिन्न चरणहरुमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

१२. आर्थिक प्रशासन सञ्चालन सम्बन्धी गतिविधिहरूलाई पूर्ण रुपमा विद्युतीय सूचना प्रणालीमा आवद्ध गरिनेछ।

१३. नगरपालिकाको भुक्तानी प्रणालीलाई टोकन प्रणालीमा आधारित बनाइनेछ।

१४. आर्थिक प्रशासन सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्वजनिक खरिद तथा नियमावली लगायत अन्य प्रचलित कानूनहरू बमोजिम सञ्चालन गरी पारदर्शीता, मितव्ययिता, प्रभावकारीता, औचित्यता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

१५. चालु खर्चलाई नियन्त्रण गरी वाञ्छित सीमाभित्र राख्दै पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गरिनेछ। यस आर्थिक वर्षको लागि कर्मचारी, शिक्षक लगायतलाई प्रदान गरिदै आएको प्रोत्साहन तथा बैठक भत्ताहरू कटौती गरिनेछ।

१६. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी थप प्रभावकारी बनाइनेछ।

१७. नगरपालिका कार्यालयमा हालसम्मको बेरुजुको अद्यावधिक लगत तयार गरी सोको फर्छ्यौट गर्नुका साथै बेरुजु आउनै नदिनेगरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाई वेरुजु असुल उपर गर्न लेखा समितिले सिफारिस गरे अनुसार असुल उपर गरी अन्य वेरुजू फरफारक गरिनेछ।

१८. यस नगरपालिकाको नगर प्रहरीको जनशक्ति थप गरिनेछ। हाल कार्यरत नगर प्रहरीको कार्यक्षमताको आधारमा पदको समायोजन गरिनेछ। नगर प्रहरीलाई थप दक्ष र क्षमतावान् बनाउन नेपाल प्रहरी वा शसस्त्र प्रही बल नेपासँगको साझेदारीमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**ञ. वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन**

१. यस नगरपालिकालाई स्वच्छ र हराभरा बनाउनको लागि सामुदायिक वन संरक्षण गरी पार्कको रुपमा विकास गरिनेछ।

२. यस नगरपालिका, वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) को सहकार्यमा सञ्चालनमा रहेको USAID स्वच्छ हावा कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रको विद्यमान वायु प्रदुषण सम्बन्धी विविध पक्षहरुमा सुधार गर्ने कार्यलाई आगामी आ.व. मा निरन्तरता दिइनेछ।

३. यस नगरपालिकाले विभिन्न दिवस तथा सामाजिक पर्वको अवसरमा वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहन गरी डिभिजन वन कार्यालय तथा स्थानीय सामुदायिक नर्सरीको साझेदारीमा विरुवा वितरण गरिनेछ।

४. विभिन्न क्षेत्रमा प्रयोगमा हुने ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको झोला विस्थापन गरी कपडाको झोला प्रयोगमा ल्याउनको लागि यस नगरपालिका क्षेत्रमा भएका महिला समूहहरुबाट कपडाको झोला तयार गरी सहकारी मार्फत सहुलियत दरमा नगर क्षेत्रमा भएका मार्टहरुमा उपलब्ध गराईनेछ।

५. यस नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका उद्योग, कल कारखानाहरुले वातावरण प्रदुषण गरे/ नगरेको अनुगमन गर्नको लागी वातावरण तथा विपद् व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा नगरपालिकाको प्रतिनिधि, वातावरण विभागको प्रतिनिधि, वडा कार्यालयको प्रतिनिधि, टोल सुधार समितिको प्रतिनिधि र नगर प्रहरी सहितको अनुगमन समिति गठन गरी अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

६. नगरपालिकाले सवारी साधन खरिद गर्दा अनिवार्य रुपमा बिद्युतीय सवारी साधन खरिद गर्ने र नगरपालिका क्षेत्रमा विद्युतीय चार्जिङ्ग स्टेसन निर्माण तथा सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाइनेछ।

७. यस नगरपालिका क्षेत्रको "वातावरण तथा वायु गुणस्तर व्यवस्थापन" कार्य योजना निर्माण गरिनेछ।

८. यस नगरपालिका क्षेत्रमा भएका विद्यालयहरुमा "हरित बिद्यालय रुपरेखा" (Green School Framework) कार्य योजना निर्माण गरिनेछ।

९. यस नगरपालिका क्षेत्रमा वातावरण व्यवस्थापन, प्रकोप न्यूनीकरण, विपद व्यवस्थापन र फोहर मैला व्यवस्थापन सम्बन्धमा अभिभावक, टोल सुधार समिति र महिला समूहहरुलाई सचेतना कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०. यस नगरपालिका क्षेत्रको विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन तयार गरी कार्यान्वयन गरिनेछ। साथै बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपहरूका लागि प्रारम्भिक चेतावनी प्रणाली विकास गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक सूचना प्रणाली क्रमशः विकास गरिनेछ।

११. यस नगरपालिकाले विपद् जोखिम, पूर्व तयारी उपायहरू र उपयुक्त प्रतिक्रिया कार्यहरू बारे जनतालाई शिक्षित गर्न सचेतना अभियानहरू र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी सामुदायिक सहभागितालाई प्रोत्साहित गर्दै स्थानीय विपद् व्यवस्थापन समितिहरूको क्रियाशिलता अभिवृद्धि गरिनेछ।

१२. यस नगरपालिकाले पहिरो नियन्त्रणको न्यूनीकरणको लागि जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्दै ढलान स्थिरीकरण प्रविधि, वनीकरण कार्यक्रम तथा पहिरोको पूर्वचेतावनी प्रणालीहरूलाई समावेश गरिनेछ।

१३. नगरपालिका क्षेत्रभित्र विपद् लगायत साना तिना मर्मत सम्भारका कार्यमा तत्काल सहयोग पुर्‍याउन Rapid Response Program (RRP) लाई थप प्रभावकारी बनाइनेछ।

१४. विपद् पश्चात प्रभावित क्षेत्रमा विपद् प्रभावितहरुको आर्थिक, सामाजिक स्तर उन्नती गर्न रोजगारी सृजना र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने आवश्यक गृहकार्य गरिनेछ।

१५. "कागेश्वरीको फोहोर कागेश्वरी मै व्यवस्थापन" कार्यक्रम संचालन गर्ने फोहोरमैला व्यवस्थापन

कार्यलाई वातावरणीय हिसाबले उपयुक्त, प्रभावकारी रुपमा व्यवस्थापन गर्न फोहोर संकलन, वर्गीकरण, ढुवानी, प्रशोधन, पुनः प्रयोग तथा अन्त्य गर्न सामुदायिक/नीजि क्षेत्रसँग ईन्टिग्रेटेड मोडलमा सहकार्य गरी व्यवस्थित गरिनेछ। सो व्यवस्थापन नभएसम्म नगरपालिकामा फोहोरमैला संकलन व्यवस्थापन कार्यका लागि बोलपत्र प्रक्रियाद्वारा संघ संस्था छनौट गरी फोहोरमैला व्यवस्थापनको कार्य गरिनेछ।

१६. नगर क्षेत्रमा घरहरुबाट उत्पादन हुने फोहोरलाई सुरु तहमा नै बर्गीकरण गरी कुहिने र नकुहिने फोहोर अलग अलग डस्टबिनमा राख्न अनिवार्य गरिनेछ। टोल विकास समितिहरूसँग सहकार्य गरी जैविक फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्ने तालिम, प्रविधि तथा सामाग्री हस्तान्तरण कार्यक्रम गरिनेछ।

१७. फोहोरमैला व्यवस्थापन यस नगरपालिकाको प्रमुख वातावरणीय समस्याका रुपमा रहेकाले नदीमा ढल मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ। फोहोरमैलाको उत्पादनमा कमी (Reduce), प्रशोधन (Recycle) र पुनःप्रयोग (Reuse) लगायतका कार्यलाई टोल र वडादेखि नै प्रोत्साहित गरी वैज्ञानिक र व्यवस्थित फोहोरमैला सङ्कलन र व्यवस्थापनको कार्यलाई अगाडि बढाइनेछ। यस कार्यमा टोल विकास समिति महिला समूह लगायत सामाजिक संघ-संस्थाको सहभागिता र सक्रियतालाई प्रोत्साहित गरिनेछ।

१८. नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरूबाट निस्कने चिकित्साजन्य फोहोरमैला वैज्ञानिक ढंगले व्यवस्थापन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ। स्वास्थ्यजन्य फोहोर हरूलाई निर्मुलीकरण गर्ने प्रविधि सबै स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराइनेछ।

१९. फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन फोहोरमैला संकलन तथा प्रशोधनमा सूचना प्रविधिको प्रयोग एवम् नव प्रवर्तनलाई प्रोत्साहित गरिनेछ।

२०. फोहोरमैला व्यवस्थापनका लागि त्रिपक्षिय साझेदारीमा प्रत्येक घरमा डस्ट विन राखी फोहोरलाई श्रोतमै वर्गिकरण गरी "मेरो फोहोर मेरो जिम्मेवारी" कार्यक्रमलाई प्रभाकारी रुपमा संचालन गर्ने नीति लिईनेछ।

**ट. रोजगार, सामाजिक सुरक्षा तथा घटना दर्ता**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक निर्माण तथा मर्मत सम्भार आयोजनाको काममा सहभागी गराइ १०० दिनको रोजगारीको सुनिश्चितताको लागी नगरपालिकाले म्याचिङ फण्ड मार्फत रकम विनियोजन गरिनेछ।

२. नगरपालिकामा संचालित संघ प्रदेश तथा स्थानीय तहको योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुबाट नै लगाइने व्यवस्था मिलाइनेछ।

३. बैदेशिक रोजगारीको शिलशिलामा बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती सेवा लाई थप प्रभावकारी र लाभग्राही मैत्री बनाइनेछ।

४. उत्पादनशिल रोजगार सिर्जना र श्रम बजारको माग अनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न तालिम प्रदायक संस्था तथा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा विभिन्न सीपमुलक तालिमको व्यवस्था गरिनेछ।

५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ६८ वर्ष माथिका सबै जेष्ठ नागरिकहरुलाई चाडवाड खर्च वापत रू. दुई हजार रुपैया वर्षको एक पटक उपलब्ध गराइनेछ।

६. विभिन्न सरकारी तथा गैह्रसरकारी निकायबाट सञ्चालित गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुको समन्वय गर्दै अनुगमन र नियमनको कार्यलाई प्रभावकारी बनाइनेछ।

७. न्यून आय भएका दलित समुदायका विद्यार्थीहरुलाई छात्रवृत्तीको व्यवस्था मिलाइनेछ।

८. अति विपन्न दलित समुदायको स्वास्थ्य विमा प्रिमियम नगरपालिकाले व्यहोर्ने व्यवस्था गरिनेछ।

९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै जेष्ठ नागरिकहरुलाई नेपाल सरकारका विभिन्न निकायबाट नियमित तलब ,भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा प्राप्त गरे वा नगरेको कुराकोपहिचान गरी दोहोरो सेवा सुविधा लिएको पाइएमा लगत कट्टा गरिनेछ। सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न प्रत्येक वडामा वायोमेट्रिक्स गरिने व्यवस्था मिलाईनेछ।

१०. व्यक्तिगत घटना दर्तालाई व्यवस्थित बनाई नागरिकहरुलाई सहजता प्रदान गर्न प्रत्येक वडामा घटना दर्ता शिविर सञ्चालन गरिनेछ।

११. व्यक्तिगत घटना दर्ता प्रणालिलाई नगरपालिकाको तथ्याङ्क प्रणालिमा आवद्धता गराउनको Database System लागु गरिनेछ।

**ठ. महिला, बालवालिका तथा सामाजिक समावेशीकरण**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गर्दै समावेशी विकासको प्रवर्द्धन गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ।

२. महिलाहरुको सशक्तिकरण तथा समावेशीकरणका लागि संस्थागत सहभागिता अभिबृद्धि गर्दै क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ। लक्षित वर्गको लागि लोक सेवा तयारी कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. उद्यम व्यवसायमा संलग्न महिला व्यावसायीहरुको व्यवसाय प्रवर्धनका लागि व्यावसायिक महिला समुह निर्माण तथा व्यवसाय स्थापना तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

४. लैंगिकतामा आधारित सबै प्रकारका हिंसालाई दुरुत्साहन गर्न र हिंसा पीडित तथा प्रभावित महिला, लैंगिक अल्पसंख्यक तथा किशोरीहरुलाई सहज तथा दिर्घकालिन पुनर्थापनाका कार्यक्रम संचालन गरिनेछ।

५. ज्येष्ठ नागरिकलाई सम्मानः सम्मानित ज्येष्ठ नागरिक हाम्रो अभियान अन्तर्गत सबै ज्येष्ठ नागरिक संलग्न संस्थाहरुलाई सक्रिय बनाउदै ज्येष्ठनागरिक दिवा सेवा केन्द्र संचालन, ज्येष्ठ जागरिक

सम्मान तथा सीप हस्तान्तरणका कार्यक्रम संचालन गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानित तथा सहज जीवनयापनका लागि परिवार तथा समुदाय सचेतिकरण कार्यक्रम तथा अपाङ्गता संरक्षण तथा सम्बर्धनका कार्यक्रमहरु संचालन गरिनेछ।

७. बालश्रम न्यूनिकरण, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरको उद्दार तथा संरक्षण गर्नु साथै बालबिलकाहरुको सवाल बालबालिका नै जवाफ भन्ने नाराका साथ बालसमुह संस्थालाई सक्रिय बनाई बाल संरक्षण सम्वर्धन गर्नुका साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ।

८. जनजातिहरूको भाषा, लिपि र सँस्कृतिको जगेर्ना गर्दै आदिवासी जनजाति हकहित संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ।

९. दलित समुदाय लक्षित सिप विकास, उद्यमशीलता विकास, क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाभित्र दलित समुदायले परम्परागत रुपमा गर्दै आइरहेको पेशाको निरन्तरता, आधुनिकीकरण एवं स्वरोजगारमूलक तथा सिपमूलक कार्यक्रमको लागि आवश्यक कानूनी व्यवस्था तथा कार्यविधि तयार गरी गरिनेछ।

१०. दलित समुदाय लक्षित उद्यमशिलता कार्यक्रम सञ्चालन गरी समूदायस्तर औद्यौगिक ग्राम निर्माण कार्य अघि बढाइनेछ।

**ड. राजश्व परिचालन**

१. नेपालको संविधानको अनुसूची ८ को स्थानीय करका क्षेत्रहरुमा करको दायरालाई फराकिलो बनाउदै सबै करदाताहरुलाई करको दायराभित्र ल्याउने व्यवस्था मिलाइनेछ।

२. स्थानीय कर तथा गैरकरलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ।

३. आन्तरिक आय वृद्धिका लागि घुम्ती टोली परिचालन गरी राजस्व असुली गर्ने अभियानलाई आगामी आ.व. मा समेत निरन्तरता दिइनेछ।

४. राजस्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ।

५. अन्य निकायबाट अनुमति लिई लामो समयदेखि सञ्चालन रहेका तर हाल नगरपालिकामा दर्ता हुन नआएका व्यवसाय तथा संस्थाहरुलाई दर्ता/सूचीकृत हुन प्रोत्साहन गरिनेछ।

६. समसामयिक राजस्व परिचालन तथा नगरपालिकाले अवलम्बन गरेका राजस्व नीतिका बारेमा करदाता शिक्षा तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरी सुसूचित गरिनेछ।

७. करदाताहरुलाई समयमै कर तिर्न प्रोत्साहित गर्न जनप्रतिनिधि र कर्मचारीहरुले नगरपालिकालाई बुझ्फाउनु पर्ने कर पहिलो चौमासिकमा बुझ्फाउनुपर्ने नीति अवलम्बन गरिनेछ।

८. नगरपालिकाको आन्तरिक श्रोतमा उल्लेखनीय योगदान पुऱ्याउने करदाताको सम्मान गरिनेछ।

९. करदाता सचेतना अभिवृद्धि गर्न विभिन्न माध्यमबाट निरन्तर प्रचार प्रसारका कार्यक्रम सञ्चालन

गरिनेछ।

१०. समयमा कर तिर्ने बानीलाई प्रोत्साहन गर्न प्रथम चौमासिकसम्म कर तिर्ने करदातालाई कर राजस्वका केही शीर्षकहरुमा ११ प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

११. नगरपालिकाको व्यवसाय तथा करदाताहरुको विवरणहरु समेटी डिजिटल प्रोफाइल निर्माण गरिनेछ।

१२. कर प्रशासनलाई सरल, सहज, सूचना प्रविधिमैत्रि तथा प्रभावकारी बनाउने व्यवस्था मिलाइनेछ।

१३. आन्तरिक आय वृद्धिका लागि करका दर र दायरा पुनरावलोकन गरिनेछ।

१४. प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको निश्चित हिस्सा वातावरण संरक्षण तथा व्यवस्थापनमा खर्च गरिनेछ।

१५. साना पसल तथा व्यवसायीहरुलाई न्याय प्रदान गर्न सम्पूर्ण व्यवसायहरुलाई पूँजीको आधारमा वर्गीकरण गरी दर्ता शुल्क, व्यवसाय कर र नवीकरण शुल्क असुली गरिनेछ।

१६. राजस्व सुधार कार्ययोजना बनाई सम्पत्ति कर, व्यवसाय कर र घरबहाल करको आन्तरिक आयमा योगदान बढाउदै लगिनेछ।

१७. सम्पत्ती करलाई पूर्वानुमानयोग्य बनाउन नगर क्षेत्र भित्र भएका घर र संरचनाहरुको भु-उपग्रह प्रणालीमार्फत डिजिटल लगत राख्ने व्यवस्था मिलाईनेछ।

१८. आन्तरिक आयका कर राजस्वलाई नगरपालिका तथा वडा कार्यालयहरुमा सेवासँग जोडी करको दर कम गरी दायरा फराकिलो पारी नगर भित्र संचालित सम्पूर्ण व्यवसायहरुलाई सूचिकृत गरिनेछ।

१९. व्यवसाय दर्ता नगर्ने तथा समयमै व्यवसाय कर नतिर्ने व्यवसायीहरुलाई कानुन बनाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ।

**ढ. गैर सरकारी संघ संस्था**

१. नगरपालिकाभित्र कार्यक्षेत्र बनाएर काम गर्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरूलाई नगरपालिकाको छाताभित्र एकीकृत गरिनेछ।

२. नगरपालिकाको नीति तथा कार्यक्रमसँग मेल नखाने, कार्यक्रम सञ्चालनको पूर्व स्वीकृति नलिएका तथा नगरपालिकासँग समन्वय नगरी कार्यक्रम सञ्चालन गर्ने गै.स.स.लाई नगरक्षेत्रमा काम गर्न पूर्ण रुपमा रोक लगाइनेछ। कुनै पनि गै.स.स.ले नयाँ योजना छनोट गर्दा वस्ती तथा वडास्तरबाट सिफारिस गरिएका योजनालाई उच्च प्राथमिकता दिनुपर्ने व्यवस्था गरिनेछ।

३. गैह्रसरकारी र सामाजिक संघ संस्थाबाट माग भई आएका कार्यक्रम कार्यान्वयनका लागि लक्षित क्षेत्र समेट्न सक्ने प्रस्तावलाई पहिलो प्राथमिकता दिइने छ।

४. नगरपालिकाको समग्र समृद्धि हासिल गर्नका लागि विकासका लागि हातेमालो अभियान सञ्चालन गरेर शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास र फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रहरूमा गैह्रसरकारी संस्थाको समन्वयलाई अगाडि बढाइने छ।

५. गै.स.स.बाट भएका कामको अनुगमनको प्रबन्ध मिलाईने तथा प्रगति समीक्षा अनिवार्य गराइनेछ।

६. अन्यत्र दर्ता भई बालगृह संचालन गर्ने गैह्र सरकारी संस्थालाई नगरपालिकाभित्र अनिवार्य रुपमा दर्ता गरेर मात्र बालगृह संचालन गर्न दिईनेछ। बालगृह नियमित अनुगमन गरी मापदण्ड बमोजिम संचालन गर्न लगाईनेछ।

**ण. सवारी नियमन**

१. नगर क्षेत्रमा सञ्चालन हुने सडक यातायातका साधन रुट परमिट जारी, खारेज गर्ने, वैज्ञानिक भाडा दर तोक्ने कार्यको शुरुवात गरिनेछ।

२. अव्यवस्थित पार्किङलाई निषेध गरिनेछ। नगरपालिका भित्र रहेका सवारी पार्किङ्ग क्षेत्रलाई संघ तथा प्रदेश सरकारको सहकार्यमा व्यवस्थित गर्न पार्किङ स्थलहरूको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

३. नगर प्रहरी र नेपाल प्रहरीको सहकार्यमा ट्राफिक नियमबारे जनचेतना अभिवृद्धि गराइनेछ र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। ट्राफिक प्रहरीसँग समन्वय गरी नगरपालिका भित्रका चोक तथा सडकहरूमा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ।

**त. अन्तराष्ट्रिय सम्बन्ध विस्तार**

१. यस नगरपालिकाले विभिन्न देशका स्थानीय पालिकाहरुसँग दौत्य सम्बन्ध स्थापना गर्ने र पालिकाले छनौट गरेका आयोजनाहरुमा लागानीको वातावरण तयार गरिनेछ।

२. नगरपालिकाले तयार गरेका ५ प्रमुख शहरी लगानीका आयोजनाका क्षेत्रहरुलाई आवश्यक लगानी तथा सहजिकरणको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहल गरिनेछ।

३. यस नगरपालिकाले दौत्य सम्बन्ध कायम भएका स्थानीय तह तथा अन्तराष्ट्रिय संघ संस्थाहरु संग अनुभव, संस्कृति तथा प्रविधि आदान प्रदान गरिनेछ।

४. यस नगरपालिकाले नेपाल भित्र रहेका दुई पक्षिय तथा बहुपक्षिय दातृ संस्थाहरु एवम विभिन्न अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग सहकार्य तथा समन्वय गरिनेछ।

**थ. सार्वजनिक निजी सामुदायिक साझेदारी**

१. सार्वजनिक निजी साझेदारी र जनसहभागिता बिना विकासका कार्यहरुले आशातित रुपमा छिटो फड्को मार्न नसक्ने भएकोले सार्वजनिक निजी साझेदारी PPP एवं जन सहभागिता मार्फत नगर विकासको लागि ठूलो पूँजिको स्रोत र साधन जुट्ने भएकोले नीति, कार्यक्रम तथा बजेटको लागि आधारशिलाको रुपमा लिइएको छ।

२. नगरपालिकाले सार्वजनिक शौचालय, पार्क, फिटनेस सेन्टर, लाईब्रेरी, जस्ता सेवामूलक संरचनाहरु बनाउँदा सार्वजनिक निजी सामुदायिक साझेदारी अवधारणमा आधारित भएर कार्य अगाडि बढाईनेछ।

३. नगरपालिकामा रहेका निजी संस्थालाई समन्वय गरी नगरपालिका र ती संस्थाहरु मिलेर सि.एस.आर. (संस्थागत सामाजिक उत्तरदायित्व) कोष तयार गरी शिक्षा स्वास्थ्य खानेपानी उद्यमशिलता लगायत अन्य परियोजनाहरु संचालन गरिनेछ।

**द. अध्ययन तथा अनुसन्धान**

१. विद्यार्थी अध्ययन तथा अनुसन्धान सहजीकरण, प्रवर्द्धन एवं सहायता प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

२. विषयगत शाखाहरुसँग अध्ययन अनुसन्धान कार्यक्रम संचालन गरिनेछ।

३. विभिन्न संघ-संस्था संग अध्ययन अनुसन्धान सहकार्य कार्यक्रम गरिनेछ।

४. विभिन्न क्षेत्रका खोज अनुसन्धानका लागि विज्ञ समुह संग अनुसन्धान कार्यक्रम/ विज्ञ परामर्श बैठक सञ्चालन गरिनेछ।

५. अध्ययन तथा अनुसन्धानका तालिम तथा क्षमता बिकास कार्यक्रम सञ्चालन गरिनेछ।

**ध. कानून तथा न्याय**

१. यस न्यायिक समितिको निश्चित लक्ष्य, न्यायिक समितिमा पर्न आउने उजुरीका सम्बन्धमा "स्थानीय सरकार संचालन ऐन, २०७४" बमोजिम न्यायिक समितिलाई प्राप्त आधिकार तथा क्षेत्राधिकार भित्र रही छिटो छरितो चुस्त दुरुस्त र निष्पक्ष रुपमा न्याय सम्पादन गर्ने कार्य बिगतका आर्थिक वर्ष देखिनै गर्दै आएको र आगामी आर्थिक वर्ष ०८१।८२ मा पनि अझ यस कार्यलाई व्यवस्थित रुपमा सम्पादन गरिनेछ।

२. न्यायिक समिति अन्तर्गत गठन भएका वडा नं. १ देखि वडा नं. ९ का मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धि ४८ घण्टाको आधारभूत तालिम प्राप्त गरेकाहरुको लागि पुनर्रतार्जकी तालिम संचालन गरिनेछ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को (१) र (२) बमोजिम दर्ता हुने मुद्दा तथा सो को प्रक्रिया बारे कार्यपालिका सदस्य, वडा प्रतिनिधि, कर्मचारी, मेलमिलाप समितिलाई कागेश्वरी मनोहरा नगरपालिका न्यायिक कार्य सम्पादन कार्यविधि, २०७४ लगायत नगरपालिकाको ऐन, नियम तथा कार्यविधि सम्बन्धी पुनर्ताजकीकरण कानूनी कार्यक्रम संचालन गरिनेछ।

४. मेलमिलापकर्ताहरुको लागि मेलमिलापको छलफलमा बसेबापत यातायात खर्चको व्यवस्था गरिनेछ।

५. महिला, बालबालिका, अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुलाई विचाराधीन मुद्दाको रोहबरमा तत्काल आवश्यक परे उद्दारको व्यवस्था गरी, उद्दार कोषको व्यवस्था गरिनेछ।

६. न्यायिक समितिका पदाधिकारी र कार्यरत कर्मचारीहरुको कानुनी क्षमता बिकासका लागि तालिमको व्यवस्था गरिनेछ।

७. न्यायिक समितिको काम-कारवाहिलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ।

**न. आन्तरिक नियन्त्रण तथा वित्तीय जोखिम न्यूनीकरण**

१. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२. नगरपालिका कार्यालयमा हालसम्मको बेरुजुको अद्यावधिक लगत तयार गरी सोको फर्छौंट गर्ने साथै बेरुजु आउनै नदिने गरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाइने छ।

३. अनुत्पादक खर्चलाई कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ।

४. बेरुजु असल उपर गर्न लेखा समितिले सिफारिस गरे अनुसार उपभोक्ता समितिबाट असुल उपर हुनुपर्ने अन्य वेरुजु फरफारक गर्न विषेश पहल गरिनेछ।

५. कार्यालयको खर्चमा मितव्यिता र पारदर्शिता कायम राख्न सबै विषय क्षेत्र समेट्ने गरी आन्तरिक नियन्त्रण निर्देशिका तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

६. आर्थिक प्रशासन सम्बन्धि विद्यमान ऐन, नियम, मापदण्ड तथा कार्यविधिको पालनालाई प्रभावकारी बाई आर्थिक अनुशासन कायम गर्दै वित्तिय जोखिम न्युनिकरण गरिनेछ।

७. कार्यक्रम तथा खर्च सम्बन्धी एकीकृत मापदण्ड तयार गरी आर्थिक अनुशासन एवं पारदर्शिता प्रवर्द्धन गरिनेछ।

८. आन्तरिक लेखापरिक्षणको स्वतन्त्रता कायम राख्दै आन्तरिक लेखापरिक्षणलाई प्रभावकारी वस्तुगत र यथार्थपरक बनाईनेछ।

९. आन्तरिक लेखापरिक्षणले औल्याएका वेरुजुलाई अन्तिम लेखापरिक्षण हुनु अगावै फर्छ्यौट गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था गर्दै सम्बन्धित जिम्मेवारी पदाधिकारी/संस्थालाई जवाफदेही बनाईनेछ।

१०. आर्थिक प्रशासनको पारदर्शिता र विश्वसनियता अभिवृद्धि गर्न नगरपालिकाको आय/व्यय नियमित प्रकाशन गरिनेछ। साथै सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाईनेछ।

**प. भू-व्यवस्थापन**

१. राष्ट्रिय भुमिआयोगसंग समन्वय गरी नगरपालिका भित्र रहेका सुकुम्बासीहरुको समस्या समाधान गरिनेछ।

२. यस नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ लाई सार्वजनिक जग्गा संरक्षण वर्षको रुपमा मनाउँदै सार्वजनिक जग्गा व्यवस्थापनको लागि सार्वजनिक जग्गाको लगत अद्यावधीक गरी सिमाङ्कन तथा घेराबारा कार्यक्रम सञ्चालन गर्नेछ।

३. सार्वजनिक जग्गमा पूर्वाधार निमार्ण गर्दा, सामूदायिक हितका लागि कार्य गर्दा, समूहगत कृषि कार्य गर्दा सार्वजनिक जग्गा संरक्षण समितिको सिफारिसमा उपयोग गर्न अनुमति प्रदान गरिनेछ।

४. यस नगरपालिकाले नेपाल ट्रष्टको नाममा रहेको क्षेत्र, बागमती तथा मनोहरासँग गाँसिएको छिमेकी नगरपालिकाहरुसँगको सीमा व्यवस्थापनको लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

५. यस नगरपालिकाभित्रका नापी नक्सालाई व्यवस्थित गर्न छुट्टै शाखाको विस्तार गरी थप जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**अन्त्यमा**

यस नगरपालिकाको नीति, तथा कार्यक्रम तर्जुमाको चरणमा राय, सल्लाह, सुझाव, पृष्ठपोषण तथा महत्वपूर्ण योगदान दिनु हुने जनप्रतिनिधिहरु राजनीतिकदल हरु, टोल विकास समिति तथा उपभोक्ता समितिका पदाधिकारीहरु, सहकारी संस्थाका पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापक, संस्थागत विद्यालयका प्रतिनिधिहरू, शिक्षाविद्हरू, नगरवासीहरु, विज्ञ सल्लाहकारहरु, सम्पूर्ण कर्मचारी साथीहरु लगायत प्रत्यक्ष/अपत्यक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस नीति तथा कार्यक्रम कार्यान्वयनका लागि संघीय र प्रदेश सरकार, राजनीतिक दलहरु, निर्वाचित जनप्रतिनिधिहरु, अन्य सम्बन्धित निकायहरु नगरवासीहरु तथा सम्पूर्ण कर्मचारी साथीहरुबाट पूर्ण रुपमा सहयोग प्राप्त हुने अपेक्षा लिएको छु ।

उपेन्द्र कार्की

नगर प्रमुख